# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(बागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: २०७६/७७
च.नं 666

मिति: २०७७/३/२५

श्री मध्यपुर थिमी नगरपालिका,
भक्तपुर ।

श्री मध्यपुर थिमि नगरपालिका
कार्यालय
दर्ता न. 24
मिति: २०66/8/9

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ।

(वामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्वन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। स्रोत साधनको प्राप्ती र उपयोग सम्वन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवंद्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलत: स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्लन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन। विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्। स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गत विगतमा लेखापरीक्षणबाट औँल्याएका व्यहोराहरु सुधार तथा वेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो। लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २५ गते।

CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(बागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या २०७६/०७७
च.नं. ८४८

मिति: २०७७/३/२५

श्री नगरप्रमुखज्यू,
भक्तपुर बिमी नगरपालिका,
भक्तपुर ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय :** हामीले भक्तपुर नगरपालिकाको २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१ पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।

२ लेखापरीक्षणबाट रु.५ करोड २५ लाख १३ हजार बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रु.१४ लाख ८ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ४४ लाख ९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ३२ लाख ९३ हजार र पेश्की रु.२ करोड ३४ लाख ३ हजार रहेको छ ।

३ लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।१०।३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पृष्ठ २४ (चौबीस) यसैसाथ संलग्न छ ।

४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीयतहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** : वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमागलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक



CamScanner

मध्यपुर थिमी नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

रिचय: स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक न्यासलाई संस्थागत गर्न र स्थानीय सरकार संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रबंद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, त्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो नगरपालिका न्तर्गत ९वडा, ४६ सभा सदस्य, ११.४७ वर्ग कि.मी.क्षेत्रफल, ८३०३६ जनसख्या र बागमती प्रदेशमा अवस्थित रहेको छ ।

**थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालीकाले प्राप्त गरेको आय, अनुदान वा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त वस्था निम्न बमोजिम रहेको छ ।

| सि.न | आय तर्फ | | | सि.न | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गतबर्षको मौज्दात | ३१३००४४०७.५२ | ३१३००४४०७.५२ | १ | चालु खर्च | | ३४२१३२०६९.३२ |
| | क. नगद मौज्दात | ० | ० | २ | पुँजिगत खर्च | | ३९२१८४६८८.८४ |
| | ख. संचित कोष खाता मौज्दात | २८६१८३७२१.०४ | | ३ | धरौटी फिर्ता र सदरस्याहा | | ३४७८९९१.८४ |
| | ग.धरौटी खाता मौज्दात | ७९५७४५७.२३ | | ४ | कर्मचारी कल्याण कोष | | ७१६०७०४.०५ |
| | घ.मर्मत सभार कोष | ११९७५१३७.९३ | | | | | |
| | ङ. गरिबी निवारण कोष | २१०३७३५.६० | | ५ | मौज्दात | | ४१८९६८४५१.१३ |
| | च. वातावरण सरक्षण कोष | २००००० .०० | | | | | |
| | छ. दैवीक प्रकोपा व्यवस्थापन कोष | १०००००० .०० | | | | | |
| | ज. कर्मचारी कल्याण कोष | ३५८४३५५.६८ | | | | | |
| २ | राजश्व आन्तरिक | ३३६८०१२२४.१७ | ३३६८०१२२४.१७ | | क ) नगद मौज्दात | ० | |
| | क. आन्तरिक राजश्व | १४७७११९६४.५२ | | | ख ) संचित कोष खाता मौज्दात | ३८६७७६९७०.४९ | |
| | ख. राजश्व बाँडफाड | १८९०८९२५९.६५ | | | ग ) धरौटी खाता मौज्दात | ८१०१०९१.४५ | |
| ३ | वित्तिय हस्तान्तरण | ४५०४५४७६६.४२ | ४५०४५४७६६.४२ | | घ) मर्मत सभार कोष | ११९७५१३७.९३ | |
| | क.वित्तिय समानीकरण | २१३३००००० .०० | | | ङ) गरिबी निवारण कोष | २१०३७३५.६० | |
| | ख.सर्शत अनुदान | २३७१५४७६६.४२ | | | च) वातावरण संरक्षण कोष | २००००० .०० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ४७६९४०१७.०२ | ४७६९४०१७.०२ | | छ) दैवीक प्रकोपा व्यवस्थापन कोष | १२००००० .०० | |
| | क.वित्तिय समानीकरण | ९३५०००० .०० | | | ज) कर्मचारी कल्याण कोष | ८६११५१५.७ | |
| | ख.सर्शत अनुदान | १९६४२०१७.०२ | | | | | |
| | ग.समपुरक अनुदान | १८७०२००० .०० | | | | | |
| ४ | धरौटी आय | | ३६२२६२६.०२ | | | | |
| ५ | **कर्मचारी कल्याण कोष** | | १२१८७८६४.०३ | | | | |
| ६ | **दैवीक प्रकोपा व्यवस्थापन कोष** | | २००००० .०० | | | | |
| | **जम्मा** | | ११६३९६४९०५.१८ | | जम्मा | | ११६३९६४९०५.१८ |

| क्र.सं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधि:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। त्यसतै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को योजना तर्जुमाको समय तालिका बमोजिम स्थानीय तहले आर्थिक बर्ष २०७५।७६ को बजेट तथा कार्यक्रम कार्यपालिकाले सभामा आषाढ २५ मा पेश गरि आषाढ ३० भित्र स्वीकृती हुनुपर्ने उल्लेख छ। सभाबाट मिति २०७५।३।३२मा बजेट स्वीकृत गरी मिति २०७५।४।४ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। | |
| २. | **कार्यपालिका बैठक:** स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १७ मा बैठकर निर्णय सम्बन्धी व्यवस्था रहेको छ।कार्यपालिकाको बैठक कम्तीमा महिनाको एक पटक बस्ने उल्लेख भए पनि नगर कार्यपालिकाको बैठक ७ महिनामा ९ पटक बसेको देखिन्छ। कार्तिक र चैत देखि आषाढ महिनामा बैठक बसेको देखिएन। यसबाट नगर पालिकाको काम कारवाही प्रभावित हुन सक्ने भएकोले यस तर्फ ध्यानाकर्षण हुनु पर्ने देखिन्छ। | |
| ३. | **बजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र पारीत गर्नुपर्ने व्यवस्था बमोजिम नगरपालिकाको सभाले मिति २०७५आााढ ३२ मा बजेट, नीति तथा कार्यक्रम पारित गरेको देखिन्छ। | |
| ४. | **श्रोतअनुमान तथा बजेट सीमा:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम पालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण , सन्तुलित वितरण , बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो भए गरेको देखिएन। | |
| ५. | **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ। नगरपालिकाबाट आवश्यकताका आधारमा योजनाहरूको छनौट तथा कार्यान्वयन भएको देखिन्छ। उपरोक्त अनुसार कार्यक्रमहरूको प्राथामिकिकरण र तादाम्यता मिलाउनुपर्दछ।<br><br>नगरपालिका अर्न्तगतका जग्गा एकिकरण आयोजाना र अन्य संस्था नेपालकोरीया मैत्री अस्पताल समितीको बजेट तथा कार्यक्रम स्वीकृत गरीनु पर्दछ। | |
| ६. | **बैक मौज्दात हिसाव:** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ मा संचित कोषको हिसाव अद्यावधिक राख्नुपर्ने व्यवस्था छ। नगरँकार्यपालिकाको बैक स्टेटमेन्ट अनुसार २०७६ आषाढ अन्तिमको बैक मौज्दात रु ४१८९६८४५१ देखिन्छ। | |
| ७. | **लेखाङ्कन तथा प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा पालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम ७६(२) मा पालिकाले कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ।नगरपालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वकृतिमा ढाँचा बमोजिमको NEPSAS based ढाँचामा आंशिक मात्रामा प्रतिवेदन तथा लेखाङ्कन गरेको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पाइयो । नियमानुसारका ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गरिनु पर्दछ । | |
| ८. | **आम्दानी तर्फः**स्थानीय सरकारको दोस्रो नगरसभाबाट यो वर्ष आन्तरिक स्रोत तर्फ रु ५४१३६६०००। राजस्व बाडफाडसमेत आन्तरिक आय अनुमान गरेकोमा रु ४३३८९५६८५।५६ प्राप्त भएको देखिन्छ । नगरपालिकाले यो वर्ष सम्पत्ति कर लगायत विभिन्न राजश्व संकलन बाटआन्तरिक आय रु १४४३०९१८१।३१ कम्प्युटरकृत आम्दानी गरेको छ । लेखा शाखाबाट आम्दानी जनाएको बहाल कर र, बैंक भौचर मार्फत आम्दानी भएको रु ३४०२७८३।३१ रकम कम्प्युटरकृत आम्दानीमा समावेश गरिएको देखिएन । कार्यालयले कम्प्युटर अभिलेख बाहेक आम्दानी सम्बन्धी स्रेस्ता नराखेकोले सबै किसिमका आयलाई कम्प्युटरमा प्रविष्टी गराई असुली तथा बैंक दाखिला विवरण समेत तयार गरी भिडान हुने गरी स्रेस्ता राखिनुपर्दछ । कार्यालयले यो वर्ष आन्तरिक स्रोतबाट रु १४ करोड ४३ लाख ९ हजार १८१ आम्दानी गरेको देखिन्छ । उक्त आय ९ वटा वडा कार्यालयहरु र नगरपालिका राजश्व शाखा समेत १० स्थानबाट असुल गरी कम्प्युटरकृत अभिलेख राखेको देखिन्छ । कम्प्युटरकृत नगदी रसिद नियन्त्रण खाता राजश्वको आम्दानी खाता र राजश्व असुली तथा बैंक दाखिला विवरणहरु म.ले.प.फा.नं.११८, १०८, १०९, २३ राखेको छैन । कम्प्युटरमा अभिलेख राखेको भए पनि असुली तथा दाखिला विवरण तयार गरी प्रमाणित गर्ने र मासिक एवं वार्षिक विवरण देखिने गरी अभिलेख अद्यावधिक गरिनु पर्दछ । | |
| ९. | **नगद दाखिलाः**प्रदेश आर्थिक कार्यविधि नियमावली बमोजिम आम्दानीको लेखा तथा स्रेस्ता राखिनुपर्दछ । वडा कार्यालयहरुले असुल गरेको राजश्व रकम तुरुन्तै बैंक दाखिला हुने गरेको पाइएन । आषाढ महिनाको रकम असुली र दाखिला सरसर्ती परीक्षण गर्दा औषतमा मासिक रुपमा मात्र बैंक दाखिला गरेको देखिएकोले नगद रुपमा भोलीपल्टै बैंक दाखिला गर्ने र समयमा दाखिला नगरेकोमा हर्जना समेत असुल गरी असुली र दाखिला विवरण प्रमाणित गरी स्रेस्ता अद्यावधिक गरिनुपर्दछ । | |
| १०. | **आय** : यस वर्ष नगरपालिकाले मालपोत कर सेवा शुल्क, घर भाडा, अन्य दस्तुर, नविकरण दस्तुर गरी राजश्व बांडफांड बाहेक रु १४ करोड७७लाख ११ हजारआम्दानी गरेको विवरण प्राप्त भएको छ । कार्यालयले आफै लिने राजश्व रकम सफ्टवेयर मार्फत रसिद काट्ने गरेको तथा वडाहरूबाट प्राप्त हुने राजश्व प्राप्त भए अनुसार दाखिला गरी राजश्व आम्दानी बांध्ने गरेको पाईयो । नगद तथा सफ्टवेयर मार्फत आम्दानी भएको रकमको दैनीक आम्दानी तथा दाखिला विवरण तयार नगरी बैंक दाखिलाका आधारमा आम्दानी बांधेको तथा वडागत रुपमा विभिन्न शिर्षकहरूमा प्राप्त हुने रकमको लागि कस्ता प्रकारका आयका लागि कति व्यक्ति वा संस्थाबाट प्राप्त हुनु पर्ने हो र कतिले बुझाउन बाँकी छ भन्ने वडा तथा नगरपालिकाले अभिलेख राखेको छैन । जसले गर्दा आन्तरिक आयको सम्बन्धमा प्राप्त हुनपर्ने वा उठाउन पर्ने राजश्व तथा उठेको सबै राजश्व आम्दानी जनाएको सम्बन्धमा एकिन गर्न सक्ने अवस्था छैन । | |
| ११. | **विभाज्य कोष :**प्रदेश आर्थिक ऐन, २०७५ मा मनोरञ्जन, विज्ञापन, रोयल्टीको बाँडफाड तोकिए बमोजिम हुने व्यवस्था छ । नगरपालिकालेयस आ.व.मा कुल संकलित रकम रु ७३८३५६ मध्ये प्रदेश संचित कोषमा रु २९५३४२ दाखिला भएको छ । | |
| १२. | **लक्ष्य तथा प्रगतिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । लेखापरीक्षणलाई प्राप्त योजना संचालनको प्रगती विवरण अनुसार यस वर्ष सञ्चालित कुल योजनाहरू मध्ये १ लाख भन्दा कममा ५ योजना १-५ लाख सम्मका ४५ योजना, ५-१० लाख सम्मका १६ योजना, १०-५० लाख सम्मका ७३ योजना, ५०-१ करोड सम्मका ३६ योजना र १ करोड भन्दा माथी ६ योजना सञ्चालन भएकोमा २ वटा योजना क्रमागत र २ वटा योजनामा शुन्य प्रगती रहेको पाइयो । लक्ष्य अनुसार प्रगति हुन नसक्दा योजना समयमानै सम्पन्न हुन नसक्ने अवस्था रहेको छ । तोके बमोजिम कार्यक्रम सञ्चालन हुन नसक्दा सेवाग्रही लाभबाट बञ्चित भएका छन् । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन हुनु पर्दछ ।<br>कार्यालयबाट यस वर्ष सञ्चालित कार्यक्रमका विभिन्न १८५योजनाका लागि रु ७३ करोड४८ लाख विनियोजन भएकोमा कुल ३९ करोड २१ लाख ८५ हजार खर्च भई समग्रमा ५३.३७ प्रतिशत मात्र वित्तिय प्रगति भएको छ । नगरपालिकाबाट यस वर्ष सम्पन्न भएका १५२ योजनाको कुल ल.ई ४० | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | करोड ७४ लाख रहेकोमा सम्झौता रु ३९ करोड ६१ लाख मा मुल्याङ्कन रकम रु ३१ करोड १० लाख गरी समग्र भौतिक कार्य प्रगति ७६.३६ रहेको देखिन्छ । अत: लक्ष्य अनुसार प्रगति हासील गर्नुपर्दछ । | |
| १३. | **वजेट तथा नीति कार्यान्वयन:**नगरपालिकाको आ.व २०७५।०७६ मिति २०७५।३।३१ को नीति तथा कार्यक्रमको बुदा न १४ मा स्वीकृत नक्सा बेगर नगर क्षेत्र भित्र घर टहरा लगायतका भौतिक पुर्वाधार निर्माण गर्ने गराउने कार्य भईरहेको सो संरचना नगरपालिकाबाट भत्काई सम्पुर्ण खर्च सम्वन्धीत घरधनिबाट असुल उपर गर्ने नीति कार्यान्वयन गरीने उल्लेख छ । नक्सापास वेगर के कती घर टहरा निर्माण भएका छन् सो को अभिलेख लेखापरीक्षणलाई प्राप्त हुन आएन । अभिलेख अद्यावधिक राखी नीति तथा कार्यक्रमको कार्यान्वयन गर्नु गराउनु पर्दछ ।<br>• सो नीति तथा कार्यक्रमको बुदा नं २८ मा व्यवसाय दर्ता प्रकृया सरलीकरण गर्दै वडागत व्यवसाय दर्ता अभियान संचालन गरीने नीति उल्लेख भएकोमा यस नगरमा यस आ.वमा कति व्यवसाय दर्ता तथा नविकारण भए, कति राजश्व आम्दानी भयो र असुली गर्न वक्यौता कति छ सो को अभिलेख लेखापरीक्षणबाट माग गरेकोमा अभिलेख पेश हुन आएन । अत: वजेट तथा नीति कार्यान्वयन गर्नु गराउनु पर्दछ ।<br>• त्यस्तै नीति तथा कार्यक्रमको बुदा नं ४७ मा प्रविधिक जटिलता भएका निर्माण सम्वन्धी आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन नगरीने उल्लेख भएकोमा प्राविधिक जटिलता भएका पीच निर्माण लगायतका योजना समेत उपभोक्ता समितिबाट गराएको पाइयो ।<br>• नीति तथा कार्यक्रमको बुदा नं ४४ मा लक्षित वर्गका कार्यक्रम तथा व्यवस्थापनका लागी कार्यविधि निर्माण गरी लागु गरीने उल्लेख भएकोमा सो भए गरेको पाइएन ।<br>• नीति तथा कार्यक्रमको बुदा नं ३२ मा स्वदेश तथा विदेश स्थीत नगरपालिकाहरूसँग sister city relation स्थापना गर्ने नीति लिएकोमा सो भए गरेको पाइएन । | |
| १४. | **आन्तरीक नियन्त्रण प्रणाली :**प्रदेश ३ को आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउंपालिकाले यस किसिमको कार्यविधि बनाएको छैन जसबाट कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरीक नियन्त्रण सम्वन्धि अन्य व्यहोराहरू देहाय बमोजिम उल्लेख छ ।<br>• प्रत्येक कर्मचारीको पदको कार्यविवरण बनाई लागू नगरेको । (निजामति सेवा ऐन, २०४९ को दफा ५)<br>• उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान, निराकरण नगरेको<br>• मर्मत अभिलेखको लागि म.ले.प.फा.नं. २ नराखेको,<br>• मिति २०७६।४।२६ को जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत संभार तथा लिलाम बिक्रीको कार्य नभएको<br>• कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको,<br>• योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदन मा स्वीकृत गरेको मिति उल्लेख नगरेको ।<br>• रु.२० हजार रुपैयाँ भन्दा बढी मूल्यका, मूल्य अभिवृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्नेमा | |



CamScanner

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आंशिक रुपमा मात्र कार्यान्वयन भएकोले पूर्ण कार्यान्वयन हुनु पर्ने। (सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९)<br>• अधिकांश उपभोक्ता समितिको रनिङ विल तथा नापी कितावमा उपभोक्ता समितिबाट प्रमाणीत गराई छाप लगाउने नगरेको,<br>• बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित भई सकेपछि सम्झौता लामो अवधि सम्म नहुने सम्झौता पछि कार्यादेश तुरुन्तै नहुने गरेको,<br>• विगतको पेश्की बाँकी फछ्र्यौट नभएको,<br>• नागरिकता, घरबाटो, नाता प्रमाणित, पञ्जीकरण दर्ताको सिफारिसको लगत अद्यावधिक नगरेको ।<br>• सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी सम्वन्धित कागजात व्यवस्थित गरी राख्नुपर्नेमा ठेक्का फाइल व्यवस्थित नभएको ( सार्वजनिक खरीद नियमावली २०६४ को नियम १४९ )<br>• सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८ बमोजिम खरिद योजना वनाए पनि खरिद योजना अनुसार कार्यान्वयन हुन नसकेको ।<br>• सबै सेवा प्रवाह प्रक्रिया वृद्ध तथा अपाङ्ग मैत्री र लैगिक समतामूलक रहेको छैन ।<br>• सञ्चालितसबै कार्यक्रमको अनुगमन मूल्याङ्कन हुन नसकेको ,योजना कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षणको प्रतिवेदन बैठकमा पेश गरेको पाइएन।( स्थानिय सरकार संचालन ऐनको दफा १६ ख(५)<br>• आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ । | |
| १५. | **राजस्व परामर्श समितिः** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको वैठक मिति २०७५।३।१५ मा बसेतापनि राजस्वका दर तोक्ने बाहेक अन्य कार्य गरेको नदेखिएकोले कानुनी व्यवस्था अनुसारका कार्यमा समिति सक्रिय हुनुपर्दछ । | |
| १६. | **सेवा प्रवाह :** लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार आ.व. ०७५/०७६ मानगरपालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ । | |

| सि.नं. | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या |
|---|---|---|
| १ | विवाह दर्ता | ५०१ |
| २ | जन्म,मृत्यु दर्ता | १६४० |
| ३ | बसाईसराई | आएको दर्ता संख्या २०७ र सदस्य ७५५, गएको दर्ता सख्या ३० र सदस्य संख्या १०३ जना |
| ४ | सम्वन्ध बिच्छेद | ९ |
| ५ | नक्सा पास स्वीकृत | ९१८ |

नगरपालिकाले नक्सा पास बेगर बनाइएका घर, टहरा, पर्खालको फिल्ड प्रतिवेदन तयार गरी अद्यावधिक गरेको पाइएन । यसबाट नक्शा विपरित बनेका निर्माणहरु यथार्थता स्पष्ट हुन सकेन । नक्सा पास सम्वन्धमा अनुगमन गरी अभिलेख अद्यावधिक गरिनुपर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

१७. **न्यायिक समिति :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था गरेको छ । नगरपालिकामा गठन भएको न्यायिक समितिले वार्षिक रुपमा प्रवाह गरेको सेवाको विवरण निम्नानुसार रहेको छ ।

| ब.स्या | यस वर्ष थप मुद्दा | जम्मा मुद्दा | फछ्यौट संख्या | वाह्य प्रेषित मुद्दा | बाँकी |
|---|---|---|---|---|---|
| ३१ | १७ | ४८ | ६ | ० | ४२ |

कार्यालयले न्यायिक समितिको कार्यविधि कानुन बनाएको नदेखिएकोले कार्यविधि वनाई कानुनी व्यवस्था अनुसार बाँकि उजुरीको न्यायीक निरुपण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१८. **योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाले वित्तिय समानीकरण तर्फ विभिन्न १८५ योजनाका लागि ७३ करोड ४८ लाख विनियोजन गरेकोमालेखापरीक्षणलाई प्राप्त योजना संचालनको प्रगती विवरण अनुसार यस वर्ष सञ्चालित योजनाहरू मध्ये १ लाख भन्दा कममा५ योजना १-५ लाख सम्मका ४५ योजना, ५-१० लाख सम्मका १६ योजना र १०-५० सम्मका ७३ योजना, ५०-१ करोड सम्मका ३६ योजना र १ करोड भन्दा माथीका ६ वटा योजना सञ्चालन भएकोमा २ वटा योजना क्रमागत र २ वटा योजनामा शुन्य प्रगती रहेको पाईयो । नगरपालिकाले साना तथा टुक्रे योजना धेरै सञ्चालन गरेको, मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण नगरेको ।तसर्थ नगरपालिकाले मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनु पर्दछ ।

१९. **जिन्सी व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तीको व्यवस्थापन तथा अभिलेख राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले वडागत तथा विषयगत कार्यालयको समेतको जिन्सी सामानको एकीकृत प्रतिवेदन तयार गरेको देखिएन । एकीकृत जिन्सी प्रतिवेदन तयार गरी सो वमोजिम मर्मत सम्भार लिलाम विक्री सम्वन्धी कार्य गरिनुपर्दछ ।

२०. **कर्मचारी व्यवस्था** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा सँगठन र दरवन्दी सम्बन्धी व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी ११८ रहेपनि पदपूर्ति ५७ रहेको देखियो । विभिन्न ६६ पद रिक्त रहेका छन । जनशक्तिको अभावमा नगरपालिकाको कार्यसम्पादन र सेवा प्रवाहमा समेत असर पर्ने हुँदा दरवन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ ।

नगरपालिकाले ७९ कर्मचारी करारमा नियुक्ती गरी रु ९०९२०७०।०० खर्च लेखेको देखिन्छ ।

२१. **खर्च शिर्षक:** करार सेवाको भुक्तानी गर्दा परामर्श तथा अन्य सेवा शिर्षकवाट खर्च लेख्नु पर्नेमा नगरपालिकाले७९ कर्मचारी नियुक्ती गरी रु ९०९२०७०।०० खर्च तलव खर्च शिर्षक २१११८ बाट खर्च लेखेको छ । त्यस्तै सुरक्षा गार्ड तर्फ रु ८११४००।०० समेत परामर्श तथा अन्य सेवावाट खर्च लेख्न पर्नेमा तलव शीर्षकवाट खर्च लेखेको छ । शिर्षक फरक पारी खर्च लेखेकोनियमसम्मत् देखिएन ।

२२. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्किएका वेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी वेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । आ.व २०७५।७६ को कारोवारको आन्तरिक लेखापरीक्षण गराएतापनी सो को वेरुजु फछ्यौट गराएको छैन । ऐनको पालना गर्नु गराउनु पर्दछ ।

२३. **चौमासिक खर्च** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार वित्तिय समानीकरण पुंजिगत तर्फ प्रथम चौमासिकमा ९.७ प्रतिशत, दोश्रो



CamScanner

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

चौमासिकमा २०.४५ प्रतिशत र तेश्रो चौमासिकमा ६९.८ प्रतिशत तथा आषाढमा ४०.२६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी यस कार्यालयको कुल बजेट खर्च मध्ये अधिकांश बजेट अन्तिम चौमासिकमा खर्च भएको छ । जसले गर्दा निर्माण कार्यमा समय अभाव तथा वर्षातको कारणले गुणस्तर युक्त कार्य हुन नसक्ने अवस्था सिर्जना हुने भएकाले अन्तिम चौमासिक र आषाढ महिनामा मात्र अधिकांश बजेट खर्च गर्ने प्रवृतिमा सुधार गर्नुपर्ने देखिन्छ ।

| क्र. स. | बजेट उपशिर्षक | कुल खर्च (रु हजारमा) | चौमासिक खर्च (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | वित्तिय समानीकरण पुंजिगत | ३९२१८५ | ३८१३९ | ८०२२४ | २७३८२१ | १५७९२४ |
| | खर्च प्रतिशतमा | | ९.७ | २०.४५ | ६९.८ | ४०.२६ |

यो वर्ष पुजीगत तर्फ कूल रु ७३४८४१००० बजेट स्वीकृत भएकोमा खर्च रु ३९२१८५ हजार (४८.७२) प्रतिशत मात्र खर्च भएको देखिन्छ । यसबाट दक्षता पुर्वक स्रोत परिचालन भएको देखिएन ।

२४. **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षित समुहको कार्यक्रम लक्षीत समुहको मागको आधारमा लक्षित समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्चगर्नु पर्दछ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था हुनुपर्नेमा नगरपालिकाले लक्षित वर्गका लागि विनियोजन गरेको बजेटबाट पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रममा खर्च नगरी वितरणमुखि कार्यक्रममा खर्च गरेको पाईयो । लक्षित समुहको पूंजी निर्माण, क्षमता विकास जस्ता कार्यक्रममा खर्च गर्नुपर्नेमा वितरणमुखी गोष्ठी सभा जस्ता कार्यक्रम संञ्चालन भएकोले बजेट सिद्धान्त विपरित खर्च भएको छ । रकम खर्च गर्दा पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रममा मात्र खर्च गर्नु पर्दछ ।

२५. **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका बिभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले कुल आन्तरीक आय तर्फ आम्दानी गर्ने लक्ष्यनै नतोकेको र व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरूको अनुगमन गरेको पाईएन ।साथै नगरपालिकाले बक्यौता रकमको समेत अभिलेख अद्यावधिक अभिलेख नराखेकोले व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याइ असुल उपर गर्नुपर्दछ ।

२६. **सवारी कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । पालिकाले सवारीहरूको दर्ता एवं नविकरणको दर तोकेको भए पनि यो वर्ष आम्दानी गर्ने लक्ष्य नराखेको तथा आम्दानी समेत भएको पाईएन । यातायात व्यवस्था कार्यालय सँग अविलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलिलाई प्रभावकारी वनाउनुपर्ने देखिन्छ ।

२७. **वक्यौता कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ वमोजिम पालिकाले कर, शुल्क संकलन गर्ने व्यवस्था छ । यस नगरमा दर्ता भएका व्यवसायलाई नविकरणको लागि व्यवसाय कर, घर बहाल कर वुझाउन ताकेता समेत गरेको पाईएन । उठ्न बाँकी करको लगत समेत नभएको पाइयो। नगरपालिका क्षेत्रमा दर्ता र नविकरण भएका व्यवसायीहरुको अभिलेख राखी कर असुली प्रभावकारी वनाइनुपर्दछ ।

२८. **स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम पालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्बन्धी निती, कानून र सोको मापदण्ड वनाएको छैन ।



CamScanner

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आधारभूत तथ्याकको अभावमा नीति योजना तर्जुमामा समस्या रहेको छ । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्य अगाडि बढाउन आवश्यक छ । तथ्यांक बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुंदा यस तर्फ पालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| २९. | **सार्वजनिक जग्गाको उपयोग तथा संरक्षणः-** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँ बायाका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र, तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रवन्ध गर्नुपर्ने व्यवस्था रहेको छ ।नगरपालिकाकोसार्वजनिक जग्गा,सार्वजनिक सम्पत्ति,घर नक्सा पास लगायतका सबै किसिमको अभिलेखहरुकोDigitize गरी व्यबस्थित गरिनु पर्नेमात्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखी Digitize गरी रेखदेख, मर्मत सम्भार तथा अन्य प्रवन्ध समेत गरेको देखिएन । | |
| ३०. | **कल्याण कोष**:स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ ।स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था भएकोमा कार्यालयले अवकाश कोष स्थापना गरेको छैन। यसरी ऐनमा भएको व्यवस्था भएको भन्दा फरक हुने गरी कल्याण कोषमा आर्थिक वर्षमा एकमुष्ठ रु ३६ लाख आन्तरिक खाताबाट कर्मचारी कल्याण खातामा ल्याएको देखिन्छ । | |
| ३१. | **कोष व्यवस्थापन :** नगरपालिकाले आफ्नो नियमित कार्यलाई व्यवस्थित बनाउन विभिन्न कोषहरू स्थापना खडा गर्ने र कोषमा रकम जम्मा गर्ने तथा खर्च गर्ने सम्वन्धमा सभाबाट कोष व्यवस्थापन कार्यविधी स्वीकृत गरी संचालन गर्नु पर्दछ । नगरपालिकाको बैठकले विपद व्यवस्थापन कोष, मर्मत सम्भार कोष, कर्मचारी कल्याण कोषहरू खडा गर्ने र कार्यविधी तयार गर्ने निर्णय गरेको भएता पनि कोष संचालन कार्यविधी सभाबाट स्वीकृत गरी कोष खडा गर्ने तथा परिचालन गर्ने प्रक्रिया नियमन गर्न सकेको पाइएन । कार्यविधी तयार गरी आवश्यक कोष खडा गरी रकम जम्मा गर्ने तथा खर्च गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ । | |
| ३२. | **वहाल कर:** नगरपालिकाको यो वर्ष वहाल कर बापत रु १५८०८०३६ आम्दानी गरेको छ । नगरक्षेत्रमा रहेका ठुला व्यवसाय, प्रतिष्ठान सपिङ कम्लेक्सहरुको उठ्न बाँकी कर रकम लगत राखेको देखिएन । बहाल कर असुली भए नभएको अनुगमन गरेको प्रतिवेदन पेश गरेको देखिएन । यसबाट असुली रकमका यथार्थता स्पष्ट नहुने देखिएकोले अनुगमन प्रभावकारी बनाउनु पर्ने देखिन्छ । | |
| ३३. | **आन्तरिक आय प्रक्षेपण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमस्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।समितिले आयका क्षेत्र पहिचान गरी आय क्षेत्र विस्तार गर्न | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सकेको छैन । यो वर्ष नगरपालिकाले सिफारिस ,मालपोत , नक्सापास लगायतको स्रोतबाट रु. २३ करोड ९३ लाख ६५ हजार मात्रको आन्तरिक आय प्रक्षेपणगरेको छ ।प्रक्षेपण गरिएको मध्ये रु १४७७११९६४।५२ मात्र संकलन भएको देखिएको छ । यसले गर्दा प्रक्षेपित राजश्व पनि नउठेको अत्याधिक चालु तथा प्रशासनिक कार्यमा खर्च हुने कार्यलेनगरपालिका आत्मनिर्मर हुनसक्ने देखिएन । नगरपालिकाले आन्तरिक आयका क्षेत्र पहिचान गरी आत्मनिर्भरता तर्फ उन्मुख हुन प्रयास गनुपर्ने देखिन्छ । | |
| ३४. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदशर्न हल, संगित थियटर मनोरञ्जन प्रदशन स्थल ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा नगरपालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । यसमा छानविन गरि नगरपालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । | |
| ३५. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । पालीकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । | |
| ३६. | **खर्चको मापदण्ड नबनाएको :**प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च गर्ने तरिका सम्वन्धी व्यवस्था छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा खर्चगर्ने अख्तीयारी र कार्यविधिको उल्लेख छ । पालिकाले वजेटको सिमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले वर्षभरीमा खाजा, खाना तथा गाडी भाडामा निम्नानुसार खर्च गरेको विवरण पेश भएको छ । खर्च रकम सम्वन्धमा पालिकाले मापदण्ड वनाएको पाईएन । खर्च रकम नियनत्रण गर्न आवश्यक मापदण्ड वनाई यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।<br>**सि.नं** \| **खर्चको विवरण** \| **खर्च रकम** \| **कैफियत**<br>१ \| विविध खर्च \| ४०४८४७१ \| खाजा खाना खर्च<br>२ \| इन्धन \| ११०९०९३ \| सवारी साधनहरू | |
| ३७. | **मेशिनरी औजार** : खरीद भएका मेसिनरी उद्देश्य वमोजिम संचालन गर्नु पर्दछ । कार्यालयमा १ स्काभेटर, १ लोडर संचालनमा रहेको देखिन्छ सोको लागि मात्रसम्वन्धि कार्यविधि तयार पनि गरेको छ । उक्त लोडर संचालन गरी यस वर्षरु.७३ हजार आम्दानी गरेको पाइयो । उक्त मेशिन औजार संचालन गर्दा निर्देशिका वमोजिम संचालन गरीसंचालन कोषको अलग आयव्यय तयार गरी मर्मत, इन्धन, इन्सुरेन्स जस्ता व्यवस्थापन खर्च तथा आय विश्लेषण हुने गरी संचालन गर्ने व्यवस्था मिलाउनु पर्दछ । | |
| ३८. | **भत्ता :**नेपाल सरकारवाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । चालु अनुदानवाट प्रमुख प्रशासकीय अधिकृतलाई विशेष भत्ता रु १८ हजारका दरले रु२१६००० खर्च लेखेको छ । आ.व. २०७४।०७५ को वजेटमा प्रोत्साहन भत्ता दिने निर्णयलाई आधार मानी यस वर्ष खर्च लेखेको लेखेको नियम संगत नभएको रु | २१६०००.०० |
| ३९. | **तलवी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) मा जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तलवी प्रतिवेदन पास नगराई तलव खुवाउन हुँदैन । प्रतिवेदन पास नगरी तलव खुवाएको भएमा त्यसरी तलव खुवाउने पदाधिकारीवाट त्यस्तो कर्मचारीले पाएको तलव, भत्ता र अन्य सुविधावापतको रकम सरकारी बाँकीसरह असुलउपर गरिनेछ भन्ने उल्लेख छ ।यो वर्षकुल रु १५५३५१५६०।०० तलव खर्च लेखेकोमास्वास्थ्यतर्फको कर्मचारीको तलवी प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तलवी प्रतिवेदन पारित भएको देखिएन ।तलवी प्रतिवेदन पारित नगरी खर्चलेखेको रकम अनियमित हुने भएकोले कानूनको व्यवस्था अनुसार तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्ने | |



CamScanner

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवस्था हुनपर्दछ । | |

४०. **मू.अ.करमा दर्ता नभएकासँग खरिद :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९, २ (क) अनुसार बीस हजार रुपैया भन्दा बढी को खरिद मु.अ.कर दर्ता भएका पाटी बाट खरीद गर्नुपर्ने व्यवस्था रहेको छ लेखापरीक्षण क्रममा मु.अ.कर दर्ता नभएकोसंग खरीद गर्ने गरेको देखिएको छ । केहि उदाहरण स्वरुप देहायवमोजिम उल्लेख गरिएको छ । मु.अ.कर दर्ता नभएको फर्म संग खरिद गरेको नियम सम्मत देखिएन । यस्तो प्रवृतिमा सुधार हुनुपर्दछ ।

| | भुक्तानी पाउने | विवरण | कारोबार रकम | पान नं. | कैफियत |
|---|---|---|---|---|---|
| समद कोष | | सिहकाली जाने बाटो ताल निर्माण उपभोक्ता समिति | ४६८००० | ६०२११५२०१ | मिति २०७५।११।५-११।२६ सम्म रु. २० हजार २३४ थान बिल |
| पूजीगत | सुनपति निर्माण सामाग्री सप्लायर्स | विष्णुपुर सडक | ४९४००० | ६०२११५१५३ | मिति, हस्ताक्षर नभएका ३९ हजार १५ थान बिल |
| | | जम्मा | ९६२००० | | |

४१. **कर विजक :** मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनसुची ५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । साथै आन्तरिक राजश्व विभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्र अनुसार मू.अ.करमा दर्ता भएको करदाताले हरेक वर्ष बिजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बिजकमा हातले नंम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ ।यस नगरपालिकाले निम्नानुसार भुक्तानी गर्दा केरमेट भएका कर विजक वाट मु.अ.कर भुक्तानी गरेको रु को मु.अ.कर समायोजन पत्र पेश हुनु रु १६५४२.००

| गो.भौ.नं. र मिति | भुक्तानी पाउने | भुक्तानी रकम | मु.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|
| २५।०७६।३।२९ | कमेरोटार इन्टरप्राइजेज | ११०२४९ | १२६८३ | विजक नं. केरमेट गरेको |
| ,, | हार्डवेयर सेन्टर | २१५४९ | २४७९ | विजक केरमेट गरेको,जारी मिति नभएको |
| ममंत सम्भार कोष | कमेरोटार इन्टरप्राइजेज | ११९९० | १३८० | विजक नं. केरमेट गरेको |
| | | | १६५४२ | |

४२. **आर्थिकसहायता :**सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को बुदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर क्षतिपुर्ति र आर्थिक सहायता वापतको खर्च उपलब्ध गराउने उल्लेख छ । नगरपालिकाले नगरसभावाट पारित गरी आन्तरिक चालु खर्च शीर्षकवाट विपन्न नागरिक तथा प्रकोप पिडीतलाइ घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयको सिफारिस राखी नगरपालिकाको बैठकको निर्णयवाट आर्थिक सहायता स्वरुप भूक्तानी गरेको छ। यस्तो खर्च लेख्न आवश्यक कार्यविधी तथा मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित नगरी गरेको खर्च नियमित नदेखिएको रु ५८७९०३५.००

| क.सं. | सहायताको विवरण | भुक्तानी रकम |
|---|---|---|
| १ | धार्मिक तथा सांस्कृतिक संस्था | ४९९९६३५ |
| २ | अन्य सहायता | ८७९४०० |
| | जम्मा | ५८७९०३५ |

४३. **स्थानीय तहका पदाधिकारी सुविधा:** नेपालको सविधानको धारा २२७ मा गांउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. ३ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्वन्धी ऐन २०७५ जारी गरेको

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार नगरपालिकाले देहाय बमोजिम रु.६२८६०००।- सुविधाबापत भुक्तानी भएको देखिएको छ । | |

| सि. नं. | विवरण | प्रमुख (१) | उपप्रमुख (२) | वडा अध्यक्ष ९ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य २६ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | नगद सुविधा (मासिक) | ३५००० | ३०००० | २१००० | ५००० | ६००० | ९७००० |
| २ | सञ्चार सुविधा (मासिक दरमा) | २००० | १५०० | १००० | – | – | ४५०० |
| जम्मा | | ४२०००० | ४०८००० | २५६५००० | ७२८००० | २१०६००० | ६२८६००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४४. | **पदाधिकारी स्वास्थ्य विमा :** ५१।०७५।६।२१ सामुदायिक स्वास्थ्या विमा तथा जनप्रतिनिधिको स्वास्थ्य विमा कार्यक्रममा ४६ जनाको रु २५०० का दरले रु ११५००० पारिवारिक स्वास्थ्य विमा गराएको देखिन्छ । यस्तो सुविधा प्रदेश ऐन बमोजिम जनप्रतिनिधीले पाउने कानुनी आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ११५०००.०० |
| ४५. | **दोहोरो भत्ता :** प्रदेश नं.३ कोस्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५को दफा ८मा सरकारी सेवाबाट अवकास लिई निवृतिभरण पाईरहेका व्यक्ति, पदाधिकारी वा सदस्यमा निर्वाचित भएमा मासिक सुविधा वा निवृत्तिभरण मध्ये एउटामात्र सुविधा रोज्न पाउने व्यवस्था गरेको छ। कार्यालयले उपप्रमुख श्री अन्जना देवी मधुकर्मीलाई रु ३६००००। र वडा नं. ६ का वडाध्यक्ष श्री इन्द्र बहादुर प्रजापतिलाई २५२००० समेत एक बर्षको रु ६१२०००। भुक्तान गरेको छ । नियमानुसार पेन्सन वा पदाधिकारी सुविधा कुनै एक छनौट गरि रकम भुक्तानी गर्नुपर्नेमा सो नगरी सुविधा उपलब्ध गराएको छ। अत: नपाउने दोहोरो सुविधा रकम असुल हुनपर्ने रु. | ६१२०००.०० |
| ४६. | **अवण्डा रकम -** नगरपालिकाले पुंजीगत खर्चको आ.व. ०७५।०७६ को बजेट मा बांडफाड नगरी रु ४० करोड ५ लाख ५० हजार बजेट अवण्डा राखि पटके निर्णयले खर्च गरेको देखिन्छ। नगरपालिकाले बजेट बाडफांडमा कार्यक्रम नै उल्लेख गरी बजेट छुट्याउनु पर्नेमा यसरी अवण्डा रकम राखी तजविजि रुपमा निर्णय गरी खर्च लेखेको नियम सम्मत देखिएन । यस्तो प्रकृयामा सुधार हुनपर्दछ। | |

| कार्यक्रमको नाम | रकम (रु हजारमा) |
|---|---|
| वडा नं. १ का ६ योजनाहरु | ७९०० |
| वडा नं. २ का ३ योजनाहरु | १०५०० |
| वडा नं. ३ का ६ योजनाहरु | १५१०० |
| वडा नं. ४ का १० योजनाहरु | १५१०० |
| वडा नं. ५ का ६ योजनाहरु | ६९०० |
| वडा नं. ६ का ४ योजनाहरु | ९००० |
| वडा नं. ७ का २ योजनाहरु | ४१०० |
| वडा नं. ८ का ४ योजनाहरु | ८३५० |
| वडा नं. ९ का १ योजना | २००० |
| नगरस्तरीय १५ योजनाहरु | ३२१६०० |
| **जम्मा** | **४००५५०** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **स्वास्थ्य तर्फ** | |
| ४७. | **औषधि को लोगो परीक्षण -**कार्यालयले खरिद गरेका औषधिहरुमा **"नेपाल सरकारको नि:शुल्क स्वास्थ्य कार्यक्रमका लागी"** भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । त्यसै गरी सार्वजनिक लेखा समितिले म.ले.प. को ४७ औं प्रतिवेदनको नि:शुल्क औषधि वितरण लोगोको व्यहोराका सम्बन्धमा सुझावलाई कडाई साथ लागू गर्ने निर्णय समेत गरेको देखिन्छ । कार्यलयले खरिद गरेका र हस्तान्तरण भई आएका नि: शुल्क वितरण गर्ने औषधिहरु मध्ये देहाय बमोजिमका औषधिहरुमा "नेपाल सरकारको नि:शुल्क स्वास्थ्य कार्यक्रमका लागी " भन्ने लोगो लगाएको छ छैन भन्ने | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

सम्बन्धमा परिक्षण गर्दा ३वटा औषधिमा निशुल्क वितरणको लोगो नभएको र २ वटामा Ins. Supply लेखेको पाईयो । जुन स्वीकृत लोगो भन्दा फरक देखिन्छ । यसबाट निर्देशिकाले निर्दिष्ट गरेको विषयलाई पालना भएको देखिएन । यसतर्फ कार्यालयको ध्यान जानु जरुरी छ ।

| सि.नं. | औषधिहरूको नाम | म्याद नाघे ननाघेको | निशुल्क वितरण लोगो |
|---|---|---|---|
| १ | Clotrimuzole15 | May 2020 | Ins. Supply |
| २ | OPS | Sep. 2020 | भएको |
| ३ | Antacit | Feb. 2021 | Ins. |
| ४ | Ciproflaxacin 500 mg. | Jun 2022 | Ins. Supply |
| ५ | Amloclipine 5mg. | Jun 2021 | भएको |
| ६ | Salbuumi 4mg. | Feb. 2020 | भएको |
| ७ | Chulorumphenicol (eyeapplicup) | Mar. 2020 | भएको |

४८. **निरिक्षण र स्वीकृती-** सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान संझौतामा उल्लेखित प्राविधिक, स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरिक्षण वा परीक्षण गराउनु पर्नेव्यवस्था छ । खरिद भएका औषधी तथा सर्जिकल सामानहरू स्टोर दाखिला गर्न पूर्व संझौता बमोजिम तोकिएको परिमाण, मूल्य, उत्पादक कम्पनी, उत्पादन मिति, म्याद भुक्तानी, टुटफुट लगायतका विषयमा प्राविधिक जांच गरी समग्र व्यहोरा खोली निरिक्षण प्रतिवेदन तयार गरेको देखिएन । निरीक्षण प्रतिवेदनको आधारमा दाखिला विवरण तयार गरी भण्डारण गर्नुपर्ने देखिन्छ ।

४९. **दाखिला प्रतिवेदन नभएको:** कार्यालयको बिभिन्न मितिको निर्णयानुसार निम्नानुसारको स्वास्थ्य संस्थाहरूमा औषधि तथा अन्य सामानहरू हस्तान्तरण फाराम मार्फत पठाएको पाइयो । हस्तान्तरण फाराम मार्फत पठाइएका सामानहरू भण्डार दाखिला गरी ७ दिन भित्र दाखिला प्रतिवेदन समेत पठाइ दिनु भन्ने निर्णयमा उल्लेख छ । कार्यालयबाट निम्नानुसारका समान तथा औषधिहरूको लेखापरीक्षण मितिसम्म दाखिला प्रतिवेदन सम्वन्धित स्वास्थ्य संस्थाबाट पठाएको पाइएन । दाखिला प्रतिवेदन नपठाएका संस्थाहरूमा गएको सामान सही सदुपयोग भयो भन्ने विश्वस्त हुन सकिएन । ह.फा. मार्फत गएका सामानहरूको दाखिला प्रतिवेदन हुनुपर्दछ । दाखिला प्रतिवेदन नभएका केही उदाहरणहरू :

| सि. नं. | स्वास्थ्य संस्थाको नाम | ह.फा.नं. निर्णय मिति | विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | बोडे मातृ शिशु सुधार समाज | २०७६/२/२७ | ल्यापटप समेत ४ थान | Speciifcation नखुलेको |
| २. | को.ले.नि.का. भक्तपुर | २०७६/३/१७ | प्रिन्टर १ थान | Speciifcation नखुलेको |
| ३. | मध्यपुर आयुर्वेद औषधालय | २०७६/३/१० | बिभिन्न २४ परिमाणका ७०९ वटा सामान | Speciifcation नखुलेको |
| ४. | बोडे खेलकुद समूह | २०७६/३/१३ | टि.टि. बोर्ड १ थान | Speciifcation नखुलेको |
| ५. | लोकन्थली स्वास्थ्य चौकी | २०७६/२/१ | बिभिन्न ३७ परिमाण ६६ वटा सामान | Speciifcation नखुलेको |
| ६. | बालकुमारी स्वास्थ्य चौकी | २०७६/२/२९ | फ्रिज १ थान | Speciifcation नखुलेको |
| ७. | लोकन्थली स्वास्थ्य चौकी | २०७६/२/२७ | फ्रिज समेत १ थान | Speciifcation नखुलेको |
| ८. | शहरी स्वास्थ्य केन्द्र, नेकोसग | २०७६/२/५ | ४ परिमाणका ३०५० वटा | Speciifcation नखुलेको |
| ९. | नेपाल सिनोरियो करर्न, थिमि | २०७६/२/२७ | १० परिमाणका १०५ थान | Speciifcation नखुलेको |
| १०. | थिमी स्वास्थ्य चौकी | २०७५/११/१ | ५ परिमाणका ६४५० वटा | Speciifcation नखुलेको |

५०. **निर्माण कार्यको अभिलेख** :नयां निर्माण वा मर्मत सम्भार गर्दा सो स्थान पहिचानको लागी चेनेज नं. सकेसम्म धेरैले चिन्न र देख्न सक्ने ठाउं वा वस्तुको नाम उल्लेख गरे अनुगमन मूल्याङ्कन गर्न

| क्र.सं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

सहज हुने देखिन्छ । यस कार्यालयले गरेका अधिकाश सडकशी साविक वर्षहरूमा त्यस्तै काम गर्ने गरेपनि कुन ठाँउमा गरियो पहिचान खुल्ने गरी अभिलेख राखेको देखिएन । यस्तो अवस्थामा एउटै क्षेत्रमा पटक पटक काम हुने , कतै काम गर्न अत्यावश्यक भए पनि छुट हुने र पुर्ण वा आशिंक रुपमा एउटै कामको एकै वर्षमा वा फरक फरक आर्थिक वर्षमा दोहोरो भुक्तानी हुनसक्ने सम्भावना समेत रहन्छ । तसर्थ निर्माण कार्यको अभिलेख एकिकृत गरी आर्थिक वर्ष, स्थान र अन्य आवश्यक विवरण समेत खुल्ने, दोहोरो वा यथार्थ गरेको कामको परिमाण भन्दा बढी भुक्तानी भएको छैन भनि विश्वस्त हुने गरी अभिलेख राख्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

५१. **नापी किताव:** निर्माण कार्यको परिमाण र मूल्यको खुलासाको लागी नापी किताव (म.ले.प.फा.नं. १७१) मा अभिलेख राख्नुपर्दछ। उक्त नापी कितावमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो विलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम र निर्माणसँग सम्वन्धित अन्य खर्च समेत स्पष्ट रुपमा उल्लेख गरी नापजांच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यवस्था छ । यसरी तयार गरेको नापी किताव काम तामेल भएको वीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनि सरकारी कागजात धुल्याउने नियमावली, २०२७ को अनुसूची ५ को बुंदा नं ३ मा उल्लेख छ । लेखापरीक्षण कममा परीक्षण गरिएका सवै योजनाको निर्माण कार्यको नापजांच र भुक्तानी देखिने गरी योजना/कार्यक्रम अनुसार निर्माण कार्यको हालसम्मको कार्य भएको परिमाण र खर्च देखिने एकीकृत अभिलेख खुल्ने नापी किताव नराख्दा एकै कार्यक्रमको कामको बढी परिमाणमा वा दोहोरो हुनेगरी भुक्तानी भएको छैन भनि यकिन गर्न सक्ने स्थिति छैन । नापी नियन्त्रण खाता (म.ले.प.फा.नं. १७२) मा अभिलेख चढाई नापी किताव प्रयोगमा ल्याउनु पर्दछ ।

५२. **उपभोक्ता समिति :** यस कार्यालयले उपभोक्ता समितिवाट गराएका काममध्ये लेखापरीक्षणवाट छनौट गरि परीक्षण गरिएका केहि कार्यको स्थिति निम्न अनुसार रहेको छ । उक्त कार्य सम्वन्धमा देखिएका व्यहोरा निम्न छन ।

**(क)** सार्वजनिक खरिद ऐन,२०६३ दफा (४४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउंदा वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पुरा गरि त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने तथा सार्वजनिक खरिद नियमावली २०६४ को निमयम ९७(९)प्राविधिक रुपमा जतिल काम (मेसिन औजार प्रयोग गरि काम गर्नुपर्ने अवस्थाका काम गराउनु हुदैन भन्ने व्यवस्था रहेको छ । यस कार्यालयले देहायका उल्लेखित विवरण अनुसार उपभोक्ता समितिवाट गराएको काम मितव्ययि, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने निश्चित आधार नभएको तथा उपभोक्तावाट काम हुन सक्ने अवस्था नभएको प्राविधिक रुपमा जटिल काम (मेसिन औजार प्रयोग गरि काम गर्नुपर्ने अवस्थाका काम) अर्थात भवन निर्माण तथा सडक पिच गर्ने जस्ता काम उपभोक्ता समितिसँगकाम गराएको मनासिव देखिदैन । प्रविधिक क्षमताले नभ्याउने निर्माण कार्य उपभोक्ता समितिवाट गर्ने गराउने कार्य बन्द गर्नुपर्दछ ।

केही उदाहरणहरू:

| शिर्षक | उपभोक्ता समितिको नाम | कामको विवरण | रकम मूल्यांकन |
|---|---|---|---|
| पुंजीगत | विणुकुण्डल उपभोक्ता समिति | सडक कालोपत्र | २२०५११३ |
| पुंजीगत | सिमांकन तथा सडक स्तरोन्नती उपभोक्ता समिति | सडक ग्राभेल | ९८६५१४५ |
| | | **जम्मा** | **१२०७०२५८** |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति मार्फत काम गराउदा उपभोक्ता समिति वा लाभग्राहि समूदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकवाट अनुमोदन

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । सोही नियमावलीको नियम ९७(१) मा १ करोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था उल्लेख छ । त्यस्तै उपदफा (१२) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्नु पर्ने र उप नियम (१५) मा हस्तान्तरित योजनाको सेवा उपयोग गरेबापत उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क तोक्न सक्ने र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नु पर्ने व्यवस्था उल्लेख छ । यस नगरपालिकाले यस आ.व.मा १०५ योजनाको काम उपभोक्ता समिति मार्फत गराएको देखिएको छ । काम सम्पन्न भएको स्थितिमा, नियमानुसार सम्पन्न योजनाहरू उपभोक्तालाई हस्तान्तरण गरेको र मर्मत संभारका लागि कुनै कोष खडा गरेको देखिएन । योजना उपभोक्तालाई हस्तान्तरण तथा सेवा शुल्क निर्धारण गरी कोष स्थापना हुनु पर्ने देखिन्छ । | |
| ५३. | **कार्यक्रम संचालन प्रक्रिया:** सरकारी निकायबाट कुनै तालिम,सेमिनार,गोष्ठी, कार्यशाला, गोष्ठी गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्दछ । यस्तो स्वीकृत कार्यक्रम अनुरूप सञ्चालित तालिम, सेमिनार, गोष्ठी, कार्यशालागोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरूप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । कार्यालयले तलिम कार्यक्रम गर्दा लागत अनुमान तयार गरी स्वीकृत गराएको पाइएन । कार्यक्रम संचालन गर्दा खर्च भएको रकम नियमानुसार छ भन्ने आश्वस्तताको लागि नियममा व्यवस्था भए बमोजिम लागत अनुमान स्वीकृत गराई कार्यक्रम संचालन गर्ने र कार्यक्रम संपन्न भएपछि लागत अनुमान अनुसार प्रत्येक कियाकलाप र सोको खर्च खुल्ने विवरण तयार गर्ने र खर्च सहितको प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ५४. | **कानूनी सल्लाहकार खर्च** :स्थानिय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्वन्धी ऐन, २०७५ मा अध्यक्ष वा अन्य कुनै पदाधिकारीले स्वकिय सचिव वा सल्लाहकार राखी सो बापत सुविधा लिन पाउने व्यवस्था गरेको छैन । नगरपालिका निम्नानुसार कानुनी सल्लाहकार राखी सोबापत रु २४८००० खर्च लेखेको छ । कानुनी आधार बेगर सल्लाहकारको खर्च नियमित नभएको रु | ४८००००.०० |

| विवरण | मासिक सुविधा | कूल भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| कानूनी सल्लाहकार २ जना | २०००० | ४८०००० | १२ महिनाको पारिश्रमिक |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५५. | **पूँजीगत तर्फः**दोस्रो नगरसभाबाट यो वर्ष पूँजीगत तर्फ रु ७३४८४१०००। बजेट स्वीकृत भएकोमा थप सहित रु ८०४८४१०००। बजेट कायम भएकोमा रु ३९२१८४६८८। खर्च भई लक्ष्यको तुलनामा ४८.७२ प्रतिशत मात्र खर्च गरेकोछ । स्वीकृत बजेट अनुसार कार्यक्रम संचालन हुन नसक्नुको कारण सहित संचालित कार्यक्रमहरुको प्रगति प्रतिवेदन समेत तयार गरेको पाइएन । | |

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट | खर्च |
|---|---|---|---|
| १ | विष्णु घर सामुदायिक भवन पुनः निर्माण | १५०००० | ० |
| २ | आकाशे पूल निर्माण | १८७०२००० | ० |
| ३ | तल्लो निकोसेरामा ढुगा छपाई | १०००००० | ० |
| ४ | दुइ पांखरी सिवाटोल ढुगा छपाई | १०००००० | ० |
| ५ | सार्वजनिक शौचालय निर्माण | २०००००० | ० |
| ६ | अन्य अनुदान | १२००००० | ० |
| ७ | आधुनिक सेरामिक्स चिम्नी निर्माण | ५०००००० | ० |
| ८ | गुण चियावारी जिर्णोद्वार | १०००००० | ० |
| ९ | गोरखनाथ मन्दिर हातिमहाकाल परिसर सुधार | ५०००००० | ० |
| १० | ढल निकास मर्मत व्यवस्थापन | २०००००० | ० |
| ११ | थिमी लायक सामुदायिक भौतिक पूर्वाधार विकास | २५००००० | ० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १२ | नाटेश्वरी सामुदायिक भवन पर्ति जग्गा सरक्षण पार्क निर्माण | ५००००० | ० |
| १३ | निलबाराही साखुवाटो ममंत | १०००००० | ० |
| १४ | भुलाखेल त्वा फल्ना पुन.निर्माण | १०००००० | ० |
| १५ | महालक्ष्मी मन्दिर परिसर सुधार | ५०००००० | ० |
| १६ | लांचा छ्वासो ढल व्यवस्थापन इटा छपाइं | १०००००० | ० |
| १७ | सिद्धिकाली गुरुयोजना कार्यान्वयन | ५०००००० | ० |
| १८ | लगानी | ७०००००० | ० |

यसवाट सेवाग्राही प्रतिफलवाट वञ्चित हुने र सीमित स्रोतको समेत उपयोग नभई फ्रिज हुने भएकोले तोकिए वमोजिम कार्यक्रम संचालन गरी लक्ष्य हासिल गरिनु पर्दछ।

५६. नगर स्तरीय योजना तथा कार्यक्रम अन्तंगत यो वर्ष पूंजीगत खर्च १६ करोड ५० लाख विनियोजन गरेको छ । स्वीकृत बजेट अनुसार कार्यक्रम निर्धारण नगरेकोले खरिद भएका सामाग्री कार्यक्रम अनुरुप छ भन्ने देखिएन । कार्यालयले बजेट शीर्षक अनुसारको खर्चको फाँटवारी समेत तयार गरेको पाइएन । यो वर्ष पूंजीगत तर्फ निम्नानुसार खर्च गरेको खर्चको फाँटवारी तयार गरेको छ । स्वीकृत बजेट अनुसार कार्यक्रम निर्धारण गरी सोही अनुसार खर्च गरिनु पर्दछ ।

| क्र.सं. | विवरण | विनियोजित बजेट | थप समेत कायम बजेट | खर्च |
|---|---|---|---|---|
| १ | फर्निचर | ४०००००० | ४०००००० | १५३१५७७.७० |
| २ | सवारी साधन | १००००००० | १००००००० | ३८३०९०० |
| ३ | मेशिनरी औजार | ४०००००० | १५५५०००० | १५१४८९०६.१२ |
| ४ | भवन निर्माण | ६००००० | ८३५००००० | ४२२०९७२२.३३ |
| ५ | अन्य अनुदान | १२०००००० | ० | ० |
| ६ | अध्ययन तथा पुंजीगत प्राविधिक सेवा | ५०००००० | १५०००००० | ९८६२३०५.०५ |
| ७ | लगानी | ७०००००० | ७०००००० | ० |
| ८ | निर्मित भवनको सरचनात्मक सुधार | - | १५५००००० | ९६३२८९९.३४ |
| ९ | रेलमार्ग हवाई सुधार निर्माण | - | १०००००० | ८७१६०२.१२ |
| १० | खानेपानी सरचना निर्माण | - | २४०००००० | ९१४३८५३.१२ |
| ११ | सरसफाइ सरचना निर्माण | - | ८७५००००० | ६४५१४८०४.१२ |
| १२ | अन्य | - | ३२०१९४००० | १५४१०४९०९.४४ |
| १३ | सडक तथा पुल निर्माण | - | १५८७९७००० | |
| | जम्मा | १६५०००००० | ८०४८४१००० | ३९२१८४६८८.८० |

(क) उपरोक्त अनुसार फर्निचर सवारी साधन र मेशिनरी औजार खरिदमा के कस्ता सामाग्री र परिमाणमा आवश्यक भएको हो कार्यक्रम नभएकोले खरीद सामाग्रीको आवश्यक्ता र परिमाण स्वीकृत भएकै हो भन्ने आधार देखिएन । तजविजि किसिमले खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ ।

(ख) लगानी वापत रु ७० लाख विनियोजन भएकोमा के कुन वापतको हो स्पष्ट हुन सकेन । उक्त रकम खर्च समेत नभएकोले हचुवाको भरमा बजेट प्रस्ताव गरिनु उचित देखिएन ।

(ग) अध्ययन तथा पुंजीगत प्राविधिक सेवा खर्चमा करारमा कार्यरत इन्जिनियिरहरुको तलव भत्ता समेत खर्च लेखेको देखिन्छ । त्यस्तो खर्च अन्य सेवामा विनियोजन हुन पर्ने देखिन्छ ।

(घ) फर्निचर वापत रु ४० लाख विनियोजन भए पनि पटक पटक सोझै खरीद गरी रु १५३१५७७।७० खर्च गरेको देखिन्छ । स्वीकृत वजेट तथा कार्यक्रम अनुरुप सिलवन्दी दरभाउपत्र वा वोलपत्रवाट खरीद गर्नु पर्नेमा फर्निचरको बजेट नै हचुवाको भरमा राखेको पाइयो । बजेट अनुसार कार्यक्रम तयार गरेको पाइएन । खरीद गर्नुपर्ने सामान समेत एकिन

| क्र.सं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरी आवश्यक परिमाण समेत निश्चित नगरेकोले सोझै खरिद नियम संगत नदेखिएको रु | १५३१५७७.०० |
| ५७. | **दररेट अद्यावधिक तथा दर विश्लेषण:**नगरपालिकाको आ.व. २०७५।०७६ को निर्माण सामाग्रीहरुको दररेट तथा दर विश्लेषण परामर्शदाता कम्पनी SPAN बाट तयार गरेको देखिन्छ। उक्त दररेट नगरपालिका बोर्ड तथा पदाधिकारीबाट स्वीकृत भएको निर्णय समेत पेश भएन। जिल्ला दररेटलाई आधार मानी लागत अनुमान तयार गर्ने गरिएकोमा छुट्टै दररेट कायम गरेको र आधिकारिकता सम्बन्धमा पनि स्पष्ट खुलाएको छैन। त्यस्तै दर विश्लेषण तयार गर्ने जाँच गर्ने प्रकृया समेत नदेखिएकाले दर विश्लेषण त्रुटि रहित छ भने आधार देखिएन। कार्यालयले यो वर्ष दक्ष कामदारको १२०० र श्रमिकको को ९०० रुपैयां ज्याला कायम गरेको देखिएको छ जुन जिल्ला दर भन्दा क्रमश २०० र १६५ बढी देखिएको छ त्यस्तै पुरातात्विक कार्यको समेत दररेट स्पष्ट हुन सकेन। पुरातात्विक कार्यको दर पुरातत्व विभाग संग समन्वय गरी कार्यान्वयन गर्नु पर्नेमा कन्सल्टेन्सीबाट दर कायम गर्नुले लागत अनुमान वास्तविक छ भन्न आधार प्रस्तुत हुनुपर्ने देखिन्छ। | |
| ५८. | **कन्टेन्जेन्सी र मर्मत खर्च:**नगरपालिकाले यो वर्ष संचालित विभिन्न कार्यक्रमहरुको बिल भुक्तानी गर्दा वास्तविक भएको कामको परिमाण र दर बाट कूल नापी मूल्याङ्कन गरी सो पछि ३% कन्टेन्जेन्सी र ५ प्रतिशत मर्मत सम्भार कोष बापत थप गरी खर्च लेख्ने र सो रकममा उपभोक्ताको योगदान कट्टी गरी उपभोक्ता समितिलाई भुक्तानी गर्ने गरेको छ। त्यस्तै ठेक्का रकममा समेत वास्तविक मूल्याङ्कन रकममा ८% ले हुने रकम जोडी खर्च लेख्ने र व्यावसायीलाई भुक्तानी गर्दा कट्टी गर्ने गरेको देखिन्छ। निर्माण व्यावसायीले यस्तो रकमको कर बिजक समेत जारी गर्ने गरेको छैन भने मर्मत सम्भार बापतको रकम उपभोक्ता समिति तथा निर्माण व्यावसायीबाट कट्टी गरेको नभई कार्यालयबाट थप बजेट खर्च लेखी कट्टा गर्ने गरेकोले यस्तो रकम उपभोक्ता समिति वा निर्माण व्यावसायिको योगदान हुने देखिदैन। प्रचलित कानूनमा समेत यस्तो बिल भरपाई वेगर खर्च लेख्न मिल्ने व्यवस्था देखिएन। कार्यालयले यो वर्ष कन्टेन्जेन्सी र मर्मत सम्भार बापत कट्टी गरेको रकम आ.व. २०७६।०७७ मा कन्टेन्जेन्सी बापत १२२२१०९५।२० । मर्मत सम्भार १५५२२०२७।७२ आम्दानी गरेको जनाएको छ। | |
| ५९. | **सोझै खरीद:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा ५ लाख रुपैयांसम्म लागत अनुमान भएको निर्माण कार्य मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिने र एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने उल्लेख छ। कार्यालयले विभिन्न निर्माण कार्यको टुक्रे लागत अनुमान तयार गरी खर्च गरेको देखिन्छ। आषाढ महिनाको बैक नगदी किताब सरसर्ती परीक्षण गर्दा यस्तो टुक्रे खरीद कार्य १९ पटकमा रु ८२२३८५७४४ भुक्तानी गरेको देखिन्छ। स्वीकृत बजेट अनुसार खरिद योजना तयार गरी कुन काम उपभोक्ता समितिबाट कुन ठेक्का व्यवस्था र के कुन काम सोझै खरिद गर्ने स्पष्ट नगरेकोले सोझै खरिद नियम सँगत नदेखिएको रु | ८२२३८५७.४४ |
| ६०. | **कालोपत्रे सडक निर्माण:** यो वर्ष नगरसभाबाट कालो पत्रे सडक निर्माण भनि रु ७ करोड बजेट स्वीकृत भएको छ। यसको आयोजनागत विवरण र बाँडफाँड समेत तयार गरेको छैन। यस कार्यक्रमबाट विभिन्न सडक मर्मत, रिटेनिङ्ग वाल, ट्रेक खोल्ने लगायत विभिन्न कार्यमा खर्च गरेको देखिन्छ। कार्यक्रम कालोपत्र सडक निर्माण भनिए पनि वास्तविक रुपमा कालोपत्र सडक निर्माण नभएकोले कार्यक्रम अनुरुप खर्च भएको छैन। कार्यक्रम अनुसार खर्च खाता नराखेको र वास्तविक खर्चको प्रगति समेत तयार नगरेकोले लक्ष्य अनुसार खर्च भएको छ भन्न सकिने देखिएन। यस्तो खर्च पद्धतिमा सुधार गरी स्वीकृत बजेट र कार्यक्रम अनुसार खर्च गरिनुपर्दछ। | |
| ६१. | **कार्यक्रम स्वीकृत सम्बन्धमा:**स्थानीय सरकारको दोस्रो नगरसभाबाट यो वर्ष निम्नानुसार शीर्षकमा एकमुष्ठ रकम स्वीकृत गरेको देखिन्छ। उक्त कार्यक्रमको योजना गत बाँडफाँड र क्रियाकलाप समेत नतोकिएकोले आवश्यक्ताका आधारमा खर्च लेख्ने गरेको देखिन्छ। यसबाट खर्चको पारदर्शिता नहुने टुक्रे कार्यहरु बढी हुने हुँदा बजेट तथा कार्यक्रम तय गर्दा प्राथमिकता निर्धारण गरी रणनैतिक महत्वका योजनामा बजेट छुट्याई खर्च गरिनु पर्दछ। | |

| क्र.सं. | कार्यक्रम | स्वीकृत बजेट | खर्च |
|---|---|---|---|



CamScanner

| भौ.नं., मिति र व्यहोरा | | बेरुजू रकम |
|---|---|---|
| | <table><tr><td>१</td><td>ढल निकास व्यवस्थापन</td><td>८ करोड</td><td></td></tr><tr><td>२</td><td>कालो पत्रे सडक निर्माण</td><td>७ करोड</td><td></td></tr><tr><td>३</td><td>मन्दिरहरुको जिर्णोद्दार र पुन निर्माण</td><td>५० लाख</td><td></td></tr><tr><td>४</td><td>ढुंगाको धन बिच्छ्याइ सडक सुधार (क्रमागत आयोजना साना योजना तथा कार्यक्रम प्राथमिकताको आधारमा)</td><td>५० लाख</td><td>५० लाख</td></tr></table> | |
| ६२. | **नेपाल कोरियामैत्री अस्पताल पूर्वाधार:**यो वर्ष नेपाल कोरियामैत्री अस्पताल पूर्वाधार विकास भनी रु १ करोड स्वीकृत भएको देखिन्छ । पूर्वाधार विकास अन्तर्गतका कियाकलापहरु स्वीकृत भएको देखिएन । आवश्यक्ताका आधारमा यो वर्ष रेफ्रिजेरेटर, एयर कन्डिसन, सि.सि. क्यामेरा, प्रतिक्षालय निर्माण, मेडिकल इक्वीपमेन्ट लगायतमा रु ९९९९९९९.५० खर्च गरेको देखिन्छ । बजेट अनुसार कार्यक्रम तय नगर्दा खरीद सामाग्री र खर्च समेत दोहोरो हुन सक्ने र सिमित स्रोतको उपयोग दक्षतापूर्ण भएको छ भन्न सक्ने देखिएन ।<br>**मेडिकल इक्वीपमेन्ट भुक्तानी:**फेयर एण्ड ट्रेड प्रा.लि.को बिजक नं. १११७ मिति २०७५।११।१० अनुसार डिजिटल रेडियोग्राफी सिस्टम र डिक्टेक्टर प्यानल वापत रु १०१०००००। को बिल संलग्न गरी रु ६१४९०९८। भुक्तानी गरेको देखिन्छ । उक्त खरिद कार्यको स्पेसिफिकेशन लागत अनुमान मूल्याङ्कन लगायतका खरिद कारवाही अस्पतालले नै गरेको भनी पेश भएन ।<br>२.आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार भुक्तानीका कर कट्टी गर्न पर्नेमा कर कट्टी नगरेकोले असुल गरी दाखिला प्रमाण पेश हुनुपर्ने रु | १३४०७०.७९ |
| ६३. | गो.भा.नं. ३६ र ४९ बाट सामसुङ मोवाइल ३ थान खरिद बापत रु १६६५१८। भुक्तानी गरेको छ । व्यक्तिगत प्रयोजनका सामान खरिद गरी जिन्सी आम्दानी भए पनि कार्यालयबाट भुक्तानी गर्न नियमित देखिएन । यस सम्बन्धमा कार्यालय प्रमुख र सुचना अधिकारीलाई उपलब्ध गराइएको प्रतिक्रिया प्राप्त भएको छ । सहायक खातामा बुझाएको भरपाई अद्यावधि गर्नुपर्ने रु | १६६५१८.०० |
| ६४. | **रोलर खरिद:**जग्गा एकीकरण आयोजना संचालन व्यवस्थापन भनी रु १ करोड बजेट स्वीकृत भएको छ । कार्यालयले यस कार्यक्रमबाट Single Drual Vibrating Rollar खरिद गर्दा रु ४१७५०००। खर्च गरेको देखिन्छ । मेशिनरी तथा औजार खरिद गर्नु पर्दा सोही अनुसार बजेट स्वीकृत गराई खर्च गर्नु पर्नेमा आयोजना संचालन व्यवस्थापन भनी मेशिनरी औजार खरिद गरेको देखिन्छ । साथै रु ४२०००००। लागत अनुमान गरेकोमा लागत अनुमानको आधार खुलाएको पाइएन । क्याटलग सपिङ विधिबाट १ मात्र रीतपूर्वक बोलपत्र मूल्याङ्कन खरिद भएको देखिन्छ । बजेट तथा कार्यक्रम स्वीकृत गरी तोकिएको शीर्षकमा खर्च लेखाङ्कन गरिनुपर्दछ । | |
| ६५. | **नगर यातायात गुरु योजना:**नगर यातायात गुरुयोजना तयार गर्ने कार्यको लागि रु १६६७०००। लागत अनुमान स्वीकृत गरी घटी कबुल गर्ने मल्टी डिसिपिलीनरी पि.डि.ए.जे.भी. सँग रु १२६६१६५। लागतमा २०७५।०२।२५ सम्म कार्य गर्ने गरी २०७४।११।१४ मा सम्झौता भएको देखिन्छ । नगरपालिकाले अन्य सार्वजनिक निर्माण (क्रमागत योजना) बाट रु १०१२९३२। भुक्तानी लेखिएको छ । उक्त कार्यको मिति २०७५।६।२६ सम्मको म्याद थप भएको देखिन्छ । अन्तिम प्रतिवेदन २०७५।९।२४ मा मात्र दिएको देखिएकोले मनासिब कारण बेगर म्याद थप गरेको अवधिमा समेत कार्य सम्पन्न नगरेकोले पूर्व निर्धारित क्षतिपूर्ति ८८ दिनको हुने रु ५५७११।२६ असुल गर्नुपर्ने रु<br>साथै अन्य सार्वजनिक निर्माण (क्रमागत योजना) मा पूँजिगत अनुसन्धान तथा परामर्श बापत खर्च लेखेको नियमित देखिएन । | ५५७११.२६ |
| ६६. | **खेल मैदान:**स्थानीय सरकारको दोस्रो नगरसभाबाट वडा नं. २ गट्ठाघर स्थित खेल मैदान राष्ट्रिय मापदण्ड अनुसार पूर्वाधार विकास कार्यक्रमको लागि ५ करोड स्वीकृत भएको देखिन्छ । उक्त खेल मैदानको विस्तृत परियोजना प्रतिवेदन तयार गरेको पाइएन । यो वर्ष रु ७२९,२८९,४।०५ को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता भएकोमा प्रथम रनिङ बिल ३०६९२०९।१९ मुल्याङ्कन भई जम्मा रु २४५५३६७३ भुक्तानी गरेको देखिन्छ । उक्त कार्य २०७५ फागुन मसान्तसम्म सम्पन्न गर्न पर्ने उल्लेख भए पनि लेखापरीक्षण अवधिसम्म भुक्तानी नभएको, बजेट प्रस्तावको आधार पेशनभएको र सम्झौता अनुसार कार्य समेत नभएकोले सिमित स्रोत साधनको दक्षता पूर्वक परिचालन गर्न ध्यान दिनु पर्ने देखिन्छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६७. | आई टि इन्जिनियर परशुराम चौलागाईंलाई विद्युतीय बोलपत्र सम्बन्धी कार्य गरेको लागि भनी रु ९८५००। भुक्तानी गरेको देखिन्छ । कार्यालयमा प्राविधिक जनशक्ति रहेको अवस्थामा बोलपत्र सम्बन्धी काम गरेको भनी परामर्श सेवा खर्च लेखेको मितव्ययी नदेखिएको रु | ९८५००.०० |
| ६८. | नेपाल कोरियामैत्री अस्पतालको लागि १६ थान सि.सि. क्यामेरा खरिद तथा जडान वापत सोलुसन टेक प्रा.लि. लाई रु १२००४५५। भुक्तानी गरेको छ । सम्झौताको सि.नं. ७ मा १ वर्ष सम्म फ्रि प्राविधिक सेवा उपलब्ध गराउन पर्ने र वारेण्टी १ वर्षको हुने उल्लेख छ । उक्त भुक्तानीमा धरौटी कट्टी नगरेको र मर्मत सम्भार अवधिको कार्य सम्पादन जमानतको म्याद समेत नभएकोले प्राविधिक सेवा तथा वारेण्टी अवधिको मर्मत सम्भार सुनिश्चित हुने देखिएन । धरौटी वापतको रकम असुल गरी मर्मत सम्भारको सुनश्चितता गरिनु पर्ने रु | ५३११७.४७ |
| ६९. | **कर बिजक बेगर भुक्तानी:**वडा न. ४, ५ र ६ को मठमन्दिर तथा पाटी पौवाको मर्मत कार्यको नक्शाकन तथा लागत अनुमान बापत भिजन प्लस डिजाइन एण्ड सर्भिसेज प्रा.लि.लाई रु ४९६०७०। भुक्तानी गरेकोमा कर बिजक बेगर मुल्य अभिवृद्धिकर भुक्तानी गरेकोले कर समायोजन प्रमाण पेश हुनुपर्ने रु | ५७०७०.०० |
| ७०. | सडक बोर्ड नेपाल तर्फको स्रोतबाट मगर गाउँ उकालो गट्ठाघर सडकमा एम.एस.कन्सट्रक्सनलाई प्रथम रनिङ बिल रु ४४७६९२३। भुक्तानी गरेको देखिन्छ । उक्त निर्माण व्यवसायीले कबोल दरमा १% छुट दिने उल्लेख भए पनि भुक्तानी गर्दा छुट कटाएको नदेखिएकोले बढी भुक्तानी भएको रु ४४७६९।२३ असुल गरी बेरुजु खातामा दाखिला हुनुपर्ने रु | ४४७६९.२३ |
| ७१. | **सुन खरिद:**महालक्ष्मी मन्दिरको गजुरमा जलप लगाउने कार्यको लागि ३ सदस्य खरिद समिति गठन गरी २ पटकमा रु १९ तोला सुन खरिद गरी रु ११९५१००। खर्च लेखेको छ । साना योजना तथा कार्यक्रमहरु प्राथमिकताको आधारमा शीर्षकबाट खर्च लेखेको छ । उक्त कार्यको कूल लागत अनुमान एवं कार्य सम्पन्न भएको प्रमाण बेगर सुन खरिद खर्च मात्र देखिएकोले यसको वास्तविक लागत तथा खर्चको कार्य सम्पन्न प्रतिवेदन पेश गरिनुपर्दछ ।<br>यस वर्ष महालक्ष्मी मन्दिर परिसरको विकास लागि रु ५० लाख वजेट स्वीकृत गरे पनि खर्च भएको देखिएन । यसबाट कार्यक्रम र खर्च बिच तालमेल देखिएन ।यस सम्वन्धमा अन्य कार्यक्रम रंगरोगन बाट जलप लगायने कार्य संपन्न भएको प्रतिकृया रहेको छ ।दोहोरोपना नहुने गरी कार्यक्रम स्वीकृत गरिनु पर्ने देखिन्छ । | |
| ७२. | **खरिद कारबाहीको अभिलेख:**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा खरिद कारवाहीको अभिलेख सम्बन्धी व्यवस्था रहेको छ । सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्नेछ । त्यस्तै ठेक्का सम्वन्धी लगत अनुसारको ढाँचामा तयार गरी राख्नु पर्नेमा कार्यालयले ठेक्का सम्वन्धी लगत नराखेको र खरिद कारवाहीको अभिलेख समेत व्यवस्थित राखेको पाइएन । ठेक्का सम्वन्धी लगत नहुँदा के कति ठेक्का व्यवस्था भइ के कति संपन्न भए एकिन नहुने र ठेक्काको अवस्था समेत एकिन हुन सकेन । तोकिए बमोजिम ठेक्का लगत र ठेक्का फाइल व्यवस्थित गरिनु पर्दछ । | |
| ७३. | **परामर्श सेवा खर्च:**सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (क) मा कुनै पनि सार्वजनिक निकायमा उपलब्ध भएको जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा उक्त कार्य गर्न परामर्शदाता नियुक्त गरी कार्य गराउन सकिने व्यवस्था छ । कार्यालयले आफ्नो जनशक्तिबाट हुन नसकेको आधार बेगर विभिन्न कार्य सोझै परामर्श सेवाबाट गराई निम्नानुसार खर्च लेखेको देखिन्छ । उक्त कार्यको ड्राफ्ट रिपोर्ट प्राप्त गर्ने छलफल गर्ने गरी सच्चाई अन्तिम प्रतिवेदन प्राप्त गर्ने स्वीकृत गर्ने र जिन्सी खातामा आम्दानी जनाउने समेत गरेको देखिएन । परामर्श सेवामा बजेट समेत खर्च नलेखी सम्बन्धित कार्यक्रमबाट खर्च लेखेको नियमित नदेखिएको रु | ७२६६४६८.०० |

| भुक्तानी भौ.न./मिति | कामको विवरण | परामर्शदाता | भुक्तानी रकम | खर्च भएको कार्यक्रम |
|---|---|---|---|---|
| २४/६-२३ | मास्टर प्लान नील वाराही मन्दिर र जंगल | बिल्डिङ डिजाइन एसोसिएटस/मेस | ५३९६८८ | क्रमागत योजनाबाट |

| क्र.सं. | भौ.नं., मिति र व्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | | | इन्जिनियरिङ्ग | | भुक्तानी | |
| | ५६/८-१२ | वडा न ४,५ र ६ को इन्द्रायणी विष्णुकुन्डोल क्षेत्रको एकीकृत कन्जरभेसन | आर्किटेक्ट्स डिजाइन एशोसिएट्स | ४९७२०० | क्रमागत योजनाबाट भुक्तानी | |
| | २२/०७५-०६-२३ | वडा न ४, ५ र ६ को मठ मन्दिर तथा पाटी पौवाको शखधर चोक पश्चिम डाडामा मर्मत कार्यको नक्शाकन तथा लागत अनुमान | भिजन प्लस डिजाइन एण्ड सर्भिसेज प्रा.लि. | ४९६०७० | | |
| | ४०६/३-१३ | शखधर चोक पश्चिम डाडाContoue Map निर्माण | प्लान आर्क कन्सलटेन्ट | ४४४७३४ | | |
| | ४०७/३-१३ | शखधर चोक पार्क योजना Conceptual Plan | मेज सोलुसन | ४९७२०० | | |
| | | ग्यारेज सेड तथा गेट निर्माण डिजाइन लागत अनुमान | विक्रम कन्सल्टेण्ट प्रा.लि. | ३४८९४४ | (कुल लागत २४६८३४६। ७७ को १४.१३% कन्सल्टेन्सी खर्च देखिएको) | |
| | ५०३ | वडा न. १ भवन डिजाइन | ड्रिम होम सर्भिसेज प्रा.लि. | ४२९००० | | |
| | ५०८/३-२९ | नगर यातायात गुरुयोजना (MTHP) | मल्टीडिस्टीलरी कन्सल्टेन्ट्स प्रा.लि. | १०१२९३२ | क्रमागत शीर्षकबाट | |
| | ५२८/३-३० | DPR स्काइ ब्रिज गथे गथे र लोकन्थली चोकमा Pasanager Footbridge | अवांन पार्क प्रा.लि. | ४९२२६० | कालोपत्रे सडक कार्यक्रमबाट | |
| | ५२९/३-३० | अरनिको राजमार्ग सुन्दर नगरचोक | आदर्श डिजाइन एण्ड सोलुसन प्रा.लि. | ३९५५०० | कालोपत्रे सडक कार्यक्रमबाट | |
| | ५३६/३-३० | माटो परीक्षण (आकाशे पुलका लागि) | पशुपति ड्रिलिङ्ग एण्ड जियोटेक्नीकल सर्भिसेज प्रा.लि. | ४८३९२२ | | |
| | ५३७/३-३० | माटो परीक्षण ९ नं. वडा भवन र शित भण्डार | रिलायन्स स्ट्रक्चर प्रा.लि. | ४६२९७१ | | |
| | ५३८/३-३० | माटो परिक्षण वडा नं. ६ भवन र ओभरहेड ट्याङ्गी निर्माण | क्रियटिभ डिजाइन एण्ड प्लानर्स प्रा.लि. | ३९७०८२ | | |
| | ३३७/२-२० | सानो ठिमी सामुदायिक भवन | द इण्टेरियर एण्ड कोर्स प्रा.लि. | २७२३३० | | |
| | ३८७ | वडा न. १ कार्यालय डिजाइन लागत अनुमान | ओम शान्ति सिद्धिकाली इन्जिनियरिङ्ग प्रा.लि. | ४९६६३५ | | |
| | | | **जम्मा** | **७२६६४६८** | | |
| ७४. | **टुक्रे लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन:**नगरपालिकाले विभिन्न कार्यक्रमहरुको लागि स्वीकृत वजेटका आधारमा लागत अनुमान तयार गरी लागत अनुमान अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखिन्छ। कूल क्रियाकलाप उल्लेख नभएको गत विगतमा भएको खर्च र हालको अवस्था खुल्ने प्रगती प्रतिवेदन तयार नगरेकोले स्रेस्तावाट स्पष्ट हुने देखिएन । यसबाट संचालनमा रहेका कार्यक्रमहरुको वास्तविक अवस्था एकिन हुने देखिएन । सानो सानो रकम विनियोजन गर्ने र कार्य सम्पन्न देखाउनाले वास्तविक अवस्था एकिन नभएकोले वास्तविक लागत | | | | | |

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>एकिन गरी विगतमा भएको खर्च समेत देखिने गरी कार्यक्रम स्वीकृत गरी सचालन गरिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>७५.</td><td>मुआब्जा:मध्यपुर ठिमी नगरपालिका वडा नं ५ को २०७५।५।२८ निर्णय अनुसार रु ३०००००० क्षतिपूर्ति दिइएको देखिन्छ । उक्त मुआब्जा के बापत दिइएको हो नखुलेको साथै घर भत्काई भुक्तानी दिने भन्ने वडाको सिफारिस भए पनिउक्त जग्गाको स्वामित्व सम्बन्धी एकिन नभई भुक्तानी गरेको देखिन्छ । त्यस्तै मुआब्जा बापतको भुक्तानी समेत वडा भित्रका प्राथमिकतामा आधारित कार्यक्रम रु १० लाख खर्च लेखेको देखिन्छ । नगरपालिकाले स्वामित्व प्राप्त गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>क्र.सं.</th><th>भुक्तानी भएको व्यक्ति</th><th>भुक्तानी भएको रकम</th></tr>
<tr><td>१</td><td>सानु कपाली</td><td>१५०००००</td></tr>
<tr><td>२</td><td>गथा कपाली</td><td>१५०००००</td></tr>
</table></td><td>३००००००.००</td></tr>
<tr><td>७६.</td><td>पर्यटन पूर्वाधार विकास आयोजना (८०३३३४०३५०६)<br>गो.भौ.नं. ३।०७६।३।२७प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च गर्ने तरिका सम्वन्धमा व्यवस्था रहेको छ । नगरपालिका र निलवाराही क्षेत्रमा पर्यटन विश्रामस्थल तथा पार्क निर्माण उपभोक्ता समिति बिचमा नगरपालिकाले रु २५००००० (८०%) र उपभोक्ता समितिबाट रु ६२२५०१। (२०%) व्यहोर्ने र मिति २०७६।३।१५ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७६।१।३१ मा सम्झौता भएको पाइयो ।<br>सम्झौताको बुदा नं ११ मा योजनाको लागतभन्दा घटी लागतमा योजना सम्पन्न भएमा सम्झौतामा उल्लेखित साझेदारी प्रतिशत अनुसार भुक्तानी दिइने उल्लेख छ । नगरपालिकाबाट कन्टेन्जेन्सी समेत रु १९९६६३९।१० को कार्य मूल्याङ्कन गरेकोमा सम्झौता रकमको ६३.८९% मात्र कार्य सम्पन्न भएकोले सम्झौता अनुसारको अनुपातमा मात्र रु १२७५६५२।६५ भुक्तानी दिनुपर्नेमा रु १५९७३११। भुक्तानी दिएकोले बढी भुक्तानीरु ३२१६५८।०० खर्च लेखेको छ । घटी कार्य भएको अवस्थामा समेत सम्झौता बमोजिम अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी गरेको रु. ३२१६५८ असुल हुनु पर्ने रु</td><td>३२१६५८.००</td></tr>
<tr><td>७७.</td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १९ (२) (क) मा बीस हजार रुपैयाँ बढीका खरिदमा मु.अ.कर दर्ता भएकाबाट खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस कार्यक्रमबाट कालिन्चोक भगवती सप्लायर्स (पान: ६०५९९५९६३) मध्यपुर ठिमीलाई पान बिलको आधारमा रु १९९९८। र १९९५०। का समान मितिका ३६ थान बिलबाट रु ७१३९५२। भुक्तानी गरेको पाइयो । नियमावली विपरित मु.अ.कर दर्तासंग खरिद गरेको नियम सम्मत नदेखिएको रु</td><td>७१३९५२.००</td></tr>
<tr><td>७८.</td><td>चालु तर्फ: मिति २०७५।२।५ गते मध्यपुर थिमी नगरपालिका र मध्यपुर शिक्षक समुह बिच भएको सम्झौतामा मन्टेश्वरी तालिम वडा नं ६ मा संचालन गर्न रु १२५००० खर्च अनुमान गरी सम्झौता भएको छ । जसमा २ किस्तामा रकम भुक्तानी हुने वा एकमुष्ठ पनि भुक्तानी गर्न सकिने र सम्झौतामा बिलभरपाइ र प्रतिवेदन २०७५ श्रावण समान्तभित्र न.पा समक्ष पेश गर्नुपर्ने उल्लेख भएको साथै मिति २०७५।४।३१ को उक्त समुहको पत्र अनुसार भौ.नं ४८।०७५।६।१८ गते रु १२५००० एकमुष्ट भुक्तानी भएको छ । गत आ.व को भूक्तानी यस आ.वमा भएको साथै ९५००० को बिलभरपाइ समावेश भएको छैन साथै ३ जनालाई ६ दिनको १००० का दरले रु १९८००।०० अनुगमन बापत खर्च लेखेको छ । अनुगमन भत्ता दिन मिल्ने आधार नदेखिएको र अनुगमन भत्ता असुल गरी खर्च नियमित गर्नुर्ने रु</td><td>१२५०००.००</td></tr>
<tr><td>७९.</td><td>सहायता: नगरपालिकाले आ.व. २०७५।०७६ मा धार्मिक तथा सांस्कृतिक संस्थागत सहायता रु.४,९९,६३५।- खर्च लेखेको छ । विभिन्न जात्रा, महोत्सव, बाजागाजा संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले यस्ता वितरणमुखी कार्यक्रम नगरपालिका ले विगतमा संचालन गरेकोमा यसको प्रभावकारिता एकिन नगरी कार्यक्रम खर्च गर्नु उचित देखिएन । १३९।०७५।८।११ मा यस कार्यक्रमा रु २४००००। खर्च भएकोमा रघुनाथ आचार्यलाई ६३०००। भुक्तानी गरेकोमा कार्यक्रम आ.व. २०७४।७५ मा चतमास पुराण -चार महिना) संचालन भएको भनी बिल भरपाई समेत २०७४</td><td></td></tr>
</table>

| | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | मालको भएकोले विगतको कार्यक्रमको अर्को आ.व.मा भुक्तानी गरेको देखिन्छ । साथै दिगु टोल बासुरी खल (राम चन्द्र प्रजापति) लाई रु १५००००। भुक्तानी भएको बासुरी बाधन प्रशिक्षण सन्दिप प्याथलाई रु ८०००। का दरले १० महिनाको रु ८००००। र विवेक मानन्धरलाई बाद्यवादन प्रशिक्षक बापत रु ७०००x१० महिनाको रु ७००००। भुक्तानीको भरपाई समावेश देखिन्छ । यस्ता वितरणमुखी कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ८०. | **प्रधानमन्त्री रोजगार तर्फः** यस आ.व.मा प्रधानमन्त्री रोजगार कार्यक्रममा रु ६८२८१८ खर्च भएको छ । कार्यविधि अनुसार कार्यक्रम संचालन भएको देखिदैन । मैना सप्लायर्स बाट लाइट ज्याकेट ३३३ थान रु २८५ का दरले रु ९४९०५ भ्याट सहित रु १०७२४२.६५ मा ७ प्रतिशत छुट लिई रु ९९७३५ भुक्तानी भएको छ । कार्यक्रम नै संचालन विनाको खर्च औचित्यपूर्ण देखिएन । | |
| ८१. | **पेश्कीः** प्रदेश ३ आर्थिक कार्यविधि ऐन,२०७४ मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त्य सम्म फछ्यौट नभई बांकी रहेको रु.९,१८८,५००.०० नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु | ६४८७५००.०० |

| पेश्की मिति | पेश्की लिनेको नाम | खर्च शिर्षक | पेश्की बाँकी रकम रु. |
|---|---|---|---|
| ६/२३/२०७५ | मनोज शर्मा | २२,५२९ | २५०,०००.०० |
| ६/२३/२०७५ | खड्का कन्स्ट्रक्सन | ३१,१५९ | ४००,००० |
| १/४/२०७६ | सुगम सफल कन्स्ट्रक्सन | ३१,१५९ | ३००,००० |
| ६/१६/२०७५ | सांवर्ण/तुल्सी / एरिसा जे.वी | ३१,११२ | २,५३७,५०० |
| १०/१४/२०७५ | नेपाल विधुत प्राधिकरण | ३१,१२२ | १,७००,००० |
| १/१२/२०७६ | कौशलटार देखि गट्ठाघर चोक सम्म सडकसुधार कार्य | ३१,१५१ | ७५०,००० |
| १०/६/२०७५ | रामेश्वर मन्दिर निर्माण उ.स | ३१,१५९ | २५०,००० |
| १/२३/२०७६ | बहाननी पाटी निर्माण कार्य | ३१,१५९ | ३००,००० |
| | | जम्मा | ६,४८७,५०० |

**कमेरोटार जग्गा एकीकरणआयोजना तर्फः**

| गत आ.व.को जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा | खर्च | बांकी |
|---|---|---|---|---|
| १२१२७६१३.९२ | ११५९३३१८१.६८ | १२८०६०७९५.६ | ३४०४०१२४.२९ | ९४०२०६७१.३१ |

परिचयः काठमाण्डौ नगर विकास समितिको २०५९।३।२४ को निर्णय अनुसार शहरीकरण प्रकृयालाई व्यवस्थित गर्न कमेरोटार जग्गा एकीकरण आयोजना संचालन हुँदै आएकोमा २०७५।४ देखि मध्यपुर थिमि नगरपालिका अन्तर्गत संचालन हुँदै आएको छ ।

८२. **आय व्यय :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम आयोजनाले प्राप्त गरेको आय, अनुदान तथा सहायता भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र आय व्ययको अवस्था निम्न वमोजिम रहेको छ ।

| सि न | आय तर्फ | | | सि न | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गतवर्षको मौन्दात | | | १ | चालु खर्च | | ९९९४०४९ ७० |
| | क । नगद मौन्दात | ० | १२१२७६१३ ९२ | २ | पुजिगत खर्च | | २२४४५०७ ४५९ |
| | ख । संचित कोष खाता मौन्दात | ९५१६४८३.०८ | | ३ | धरौटी फिर्ता र सदरस्याहा | | १६०१००० ०० |
| | ग । धरौटी खाता मौन्दात | २६१११३०.८४ | | ४ | मौन्दात | | |
| २ | राजश्व आन्तरिक | ११५९३३१८१६ ८ | ११५९३३१८ १६८ | | क । नगद मौन्दात | ० | ९४,०२०,६७ १३१ |
| | क । आन्तरिक राजश्व | ११४०२६६०७ ०४ | | | नेपाल बैंक लि - आम्दानी खाता | ९१,०६७,९१ ९८२ | |
| | ग । धरौटी खाता | १९०६५७४६४ | | | राष्ट्रिय वाणिज्य बैंक | ३६,०४६.०१ | |

| क्र.सं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | मि | | |
| | | | | | धरौटी खाता | २११७०५ ५८ | |
| | जम्मा | | १६०५०७ ११.६० | | जम्मा | ९१०२०५७ ३१ | १६०५०७१ ६.६० |

८३. **बजेट तथा कार्यक्रम**

कमेरोटार जमा एकीकरण आयोजना मध्यपुर थिमी, भक्तपुरको आ.व. २०७५।७६ मा रु ११११७१९८४२०। को मिति २०७५।४।२५ मा बजेट स्वीकृत भएकोमा रु ३२४३९१२४।२९ अर्थात २.९०% मात्र खर्च भएको देखिन्छ। सो स्वीकृत बजेटमध्ये निम्नानुसारको खर्च शीर्षकमा शून्य प्रगति रहेको छ।

| सि.नं. | शीर्षक | स्वीकृत रकम | खर्च |
|---|---|---|---|
| १ | औषधी उपचार खर्च | २५०००० | ०० |
| २ | मेशिनरी औजार मर्मत तथा सञ्चालन | ५०००० | ०० |
| ३ | इन्धन अन्य प्रयोजन | २५००० | ०० |
| ४ | कर्मचारी तालिम खर्च | १००००० | ०० |
| ५ | सिप विकास तालिम | ४००००० | ०० |
| ६ | आन्तरिक ऋणको ब्याज | ५०००००० | ०० |
| ७ | भवन निर्माण | ३०००००० | ०० |
| ८ | खानेपानी संरचना निर्माण | २३६१३०००० | ०० |
| ९ | पूँजीगत अनुसन्धान तथा परामर्श | २५००००० | ०० |
| | जम्मा | ३१९४५५००० | ०० |

उल्लेखित ९ वटा कार्यक्रम सञ्चालन नगई शून्य प्रगति देखिन्छ। स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रम सञ्चालन गर्नेतर्फ आयोजना अग्रसर हुनु पर्दछ।

८४. न्यून प्रगतिआयोजनाले आ.व. ०७५।७६ मा स्वीकृत पूंजीगत बजेटमा निम्नानुसारको प्रगति रहेको छ। स्वीकृत बजेट बमोजिम प्रगति हासिल गर्न गराउनु पर्दछ।

| सि.नं. | कार्यक्रम | स्वीकृत बजेट | खर्च रकम | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | मेशिनरी तथा औजार | १३००००० | ३२१०४० | २४.६% |
| २ | सडक तथा पुल निर्माण | ४७६९१०००० | १६९७०६२९ | ३.५% |
| ३ | विद्युत संरचना निर्माण | १४०००००० | १२००८९० | ०.५७% |
| ४ | अन्य सार्वजनिक निर्माण | २६९९७८४०० | १७३९१६३ | ०.६४% |
| ५ | जग्गा प्राप्ति | २०५००००० | ९५०००० | ४.६३% |
| | **जम्मा** | **७८२६८८४००** | **२११८१७२२** | |

उपरोक्त ५ कार्यक्रमको पूंजीगत बजेट रु ७८२६८८४००। मा रु २११८१७२२। खर्च भई औसत वित्तिय प्रगति प्रतिशत २.७ मात्र देखिन्छ। आयोजनाले पूंजीगत बजेटको उपयोग क्षमता बढाई तोकिएको प्रगति हासिल गर्न गराउन पर्दछ।

८५. आयोजना क्षेत्रभित्र मेशिनरी र हेभिइक्वीपमेन्ट भाडामा लिने कार्यको १८९८२५६४८।२१ (मु.अ.कर बाहेक) को लागत अनुमान स्वीकृत गरी विद्युतीय बोलपत्र आह्वान गरेकोमा घटी कबुल गर्ने विरुवा कविन्द्र माउण्टेन इन्फा जे.भी.संग ८०५०२८२१ (५७.५९% घटी) बोलपत्र स्वीकृत भई २०७५।१२।१९ मा सम्झौता भएको देखिन्छ । यो वर्ष मोबिलाइजेशन पेश्की रु १६०००००। उपलब्ध गराएको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

(क) Hiring heavy equipment and vehicals अन्तर्गत निम्नानुसार रकम भुक्तानी गर्ने गरी परिमाण सूचीमा समावेश गरेको छ। प्रतिघण्टाको दरले भुक्तानी गरी लागत अनुमान तयार गरे पनि के कुन स्थानमा कति कार्य गर्नु पर्ने लागत अनुमान साथ विस्तृत विवरण संलग्न गरेको छैन। यस्ता खर्चमा नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

| विवरण | संख्या | घण्टा | ला.अ.दर (प्रति घण्टा) | कबोल दर (प्रति घण्टा) | कबोल रकम |
|---|---|---|---|---|---|
| Dezertrack | १ | २८० | ४२३६.४१ | १२०० | ३३६००० |
| Exacavatortrack | २ | १३०० | ४८४१.९९ | ९०० | ११७०००० |
| Back to loader | १ | २०० | २३९१.३३ | ६०० | १२०००० |

| क्र.सं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | Truce Tipper \| ६ \| ३९०० \| १३४०.६८ \| २०० \| ७८०००० | |
| ८६. | (ख) प्रोभिजनल सम अन्तर्गत फिजिकल कन्टेन्जेन्सी ल्याव टेप्ट आदी वाट रु २७५००००। र विमा बापत रु ७५००००। LS राखेको देखिन्छ। यस्ता खर्चहरु वास्तविक खर्चको आधारमा भुक्तानी गर्नुपर्नेमा लमसमलाई इकाईमा सम्झौता गर्नु उचित देखिएन वास्तविक खर्चको आधारमा भुक्तानी गरिनु पर्दछ। | |
| ८७. | **मुआब्जा:** साविक भिमसेन गा.वि.स. वडा नं. ७ सि.नं. ६ मा २०७२ सालको भुकम्प पश्चात आयोजनाको स्वीकृत नलिङ बनाएको घर टहराको प्राविधिक मूल्याङ्कन ह्रासकट्टी पछिको रु १५९६३३७५६ भएकोमा समस्या समाधान कार्यदलको सिफारिस र आयोजना व्यवस्थापन उपसमितिको २०७५।२।१० को निर्णय अनुसार क्षतिपूर्ति २५ लाख दिने निर्णय भए अनुसार श्री कृष्णहरि चकधरलाई गत वर्ष रु १५ लाख भुक्तानी गरेकोमा यो वर्ष ९५००००। भुक्तानी गरेको देखिन्छ । बाँकी ५० हजार शौचालय भत्काएपछि उपलब्ध गराउने उल्लेख छ। प्राविधिक मुल्याङ्कन भन्दा बढी हुने गरी गरेको विषय कानून सम्मत देखिएन। | |
| ८८. | **उपभोक्ता समितिको योगदान:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ४ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भुक्तानी गर्दा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष बर्षाको ढल निकास रिटेनिङवाल र ग्राभेलिङ कार्यको रु २२०२८४०।३७ को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समिति (निर्माण उपसमिति) मार्फत कार्य गराई रु १६६७९६२।५० को कूल नापी मूल्याङ्कन गरी रु १६७७९६२।५० खर्च लेखेको देखिन्छ । उक्त भुक्तानीमा उपभोक्ता समितिको योगदान रकम कट्टी नगरेकोले प्रतिस्पर्धा नगरी उपभोक्ता समितिबाट कार्य गरेको देखाएकोले खरिद कार्य नियम संगत छ भन्न सकिएन। | |
| ८९. | **बैठक भत्ता:** अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७३ मा विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म आमन्त्रित सदस्यलाई मात्र भत्ता प्रदान गर्ने पाइने अन्य थप व्यक्तिहरुलाई भत्ता वितरण गर्न नपाइने उल्लेख छ। यस आयोजनाको उपभोक्ता समितिको बैठक, बोलपत्र, पूर्व योजना मुल्याङ्कन समितिको बैठकमा समितिका सदस्यका अतिरिक्त आयोजनाका सबै कर्मचारी बैठकमा सहभागी भएको भनी बैठक भत्ता भुक्तानी गरेको देखियो । निर्देशिका अनुसार बढीमा ३ जना मात्र आमन्त्रीत हुनुपर्नेमा २२ जना सम्म आमन्त्रीत राखी खर्च लेख्ने गरेको पाइएकोले कार्यलयको आवश्यकता बमोजिम मात्र आमन्त्रीत गरी निर्देशिकाको पालना गर्नुपर्दछ। | |
| ९०. | **पेश्की:** प्रदेश ३ आर्थिक कार्याविधि ऐन,२०७४ मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्न गराउन पर्ने व्यवस्था छ। आर्थिक वर्पको अन्त्य सम्म फछ्यौंट नभई बाँकी रहेको रु.१६९१५०००.००नियमानुसार असूल फछ्यौंट गर्नुपर्ने रु | १६९१५००० ०० |

| नाम | चालु वर्षको पेश्की बाँकी | पेश्की मिति |
|---|---|---|
| बिरुवा कविन्द्र माउण्टेन इन्फा जेभी | १६०००००० ००. | |
| नेपाल विद्युत प्राधिकरण | ९१५००० ०० | |
| कूल जम्मा : | १६९१५००० ०० | |

| | | |
|---|---|---|
| ९१. | गत विगत वर्षको पेश्की बाकी रु ५७३५५७। गरेकोमा यो वर्ष फछ्यौंट गरेको पाइएन। पेश्की रकम अविलम्ब असूल फछ्यौंट गरिनु पर्दछ। | |
| ९२. | **सम्परीक्षण** :प्रदेश आर्थिक कार्याविधि ऐन २०७४ को दफा ३५(२) मा कार्यालयले बेरुजू फछ्यौंट गरि सम्परीक्षणको लागि अनुरोध गर्नु पर्ने व्यवस्था छ। कार्यालयको गत विगतको बेरुजू मध्ये लेखापरीक्षणको क्रममा बेरुजसंग सम्बन्धित प्रमाण कागजातहरू सलग्न राखी बेरुजू फछ्यौंट गरि सम्परीक्षण लागि अनुरोध भई आएको प्रमाण कागजात परीक्षण गर्दा व्यहोरा मनासिव देखिएकोले रु.७२,४५२/ बेरुजू फछ्यौंट गरिएको व्यहोरा मिति २०७६।१०।३ मा जारी गरिएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश छ। | |



CamScanner

## मध्यपुर थिमी नगरपालिको, भक्तपुरको सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क स | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पुँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | मध्यपुर थिमी न पा | भक्तपुर | ३११००४ | २२२६५० | २५६३९.३ | ३३१५१४ | ८५०९६१ | ३४२१७२ | ३९२१८४ | १०६६० | ७६६९९.७ | ४१८९६८ |

अनुसूची– २

## बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)
## २०७५।७६

(रु.हजारमा)

| नि न | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | बाँकी | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | भक्तपुर | मध्यपुर थिमी न पा | ७२ | २७ | ८०६८६ | ० | ६ | २८१७३ | ७२ | २१ | ५२५१३ | १४०८ | २४४०९ | ३२९३ | | | २७७०२ | | २३४०३ | २३४०३ |

अनुसूची- ३

## अद्यावधिक बेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष म प बाट कायम भएको बेरुजु | यो वर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | मध्यपुर नगरपालिका | भक्तपुर | २११५८ | ७२ | २१०८६ | ०० | ५२५१३ | ७३५९९ |